मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily



कार्यदलले शीर्ष नेतालाई बुझायो मस्यौदा

पृष्ठ ६ मा

● वर्ष १ ● अंक ६० ● २०७९ साल पुस २४ गते आइतवार ● Sunday 8, Jan. 2023 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# सत्ता बार्गेनिङ्गका लागि दलीय नेता चयनमा ढिलाई

मधेशदृष्टि
जनकपुरधाम, २३ पुस । मधेश प्रदेश सरकार गठनका लागि प्रदेश प्रमुखले आह्वान गरिसकेपनि दलहरु संसदीय दलको नेता चयन गर्न सक्रियता देखाएको छैन ।

जनमत, कांग्रेस र एमाले बाहेकका सरकार नेतृत्वको दाबी गर्दै आएका जनता समाजवादी पार्टी (जसपा), नेकपा माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) तथा नेकपा एकीकृत समाजवादी नेकपा (एस) पार्टी २६ गतेको बाटो कुरेर बसेका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत लिने डेटलाईन पुस २६ भएको कारण सत्तामा बाँडफाँड र सरकार नेतृत्वको बार्गेनिङ्गका लागि जसपाले २६ गतेका लागि कुरेर बसेका छन् ।

प्रदेस प्रमुख मिश्रले प्रदेससभामा कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त गर्न नसकेपपछि दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा प्राप्त गर्न सक्ने प्रदेससभाका सदस्यलाई मुख्यमन्त्रीमा दाबी पेस गर्न पुस २८ गते दिउँसो ४ बजेसम्मको समयसीमा दिएको छ । सो समयावधि अघि नै जसपाले संसदीय दलको नेता चयन गरिसक्ने बुझिएको छ ।

> “सत्ता गठबन्धनले संघमा दुई मन्त्रालय र प्रदेशमा जनतमत र जसपाको आलोपालो सरकार नेतृत्वको प्रस्ताव राख्दै आएका छन् । तर जसपा अध्यक्ष उपेन्द्र यादवले आफू संसद छिर्ने दाउमा उपराष्ट्रपतिमा अडान राखेका छन् । उपराष्ट्रपति पद पाए त्यसमा रामसहाय यादवलाई पठाउने र उनको क्षेत्र खाली भएपछि त्यहाँबाट संसद छिर्ने दाउमा छन् ।

दलको नेता चयन गर्न माओवादी केन्द्र संसदीय दलको बैठक नै बसेको छैन भने जसपा सत्ता गठबन्धनमा संघमा उपराष्ट्रपति र मधेशमा मुख्यमन्त्री पदका लागि बार्गेनिङ्ग गर्दै नभए कांग्रेससँग जाने रणनीतिमा लागेका छन् । जुन गठबन्धनले उपराष्ट्रपति र मुख्यमन्त्री पद दिए त्यसैसँग जाने खेलमा जसपामा लागेका हुन् ।

सत्ता गठबन्धनले संघमा दुई मन्त्रालय र प्रदेशमा जनतमत र जसपाको आलोपालो सरकार नेतृत्वको प्रस्ताव राख्दै आएका छन् । तर जसपा अध्यक्ष उपेन्द्र यादवले आफू संसद छिर्ने दाउमा उपराष्ट्रपतिमा अडान राखेका छन् । उपराष्ट्रपति पद पाए त्यसमा रामसहाय यादवलाई पठाउने र उनको क्षेत्र खाली भएपछि त्यहाँबाट संसद छिर्ने दाउ सहित मधेश प्रदेश सरकार नेतृत्वको अडानमा छन ।

पुस २६ गते अघि नै जसपाले दलको नेता चयन गरेभने पार्टी भित्र सांसदहरुमा असन्तुष्टि हुन सक्ने र त्यसले गलत परिणाम दिने डरले दलको नेता चयन अहिले गर्न नसकेको पार्टी उच्च श्रोतको भनाई छ । हुनत जसपा मधेश प्रदेश सांसदहरु दलीय नेता चयनका लागि शुक्रवार बैठक गरेपनि सहमति जुटन नसक्दा अध्यक्ष यादवलाई चयन गर्ने जिम्मेवारी सुम्पिएको छ ।

बैठक अघिसम्म मुख्यमन्त्री लालबाबु राउत, निर्वतमान

बाँकी पृष्ठ ६ मा

## जसपाको विधान अधिवेशन तयारी

यसैबीच जनता समाजवादी पार्टी नेपालले विधान अधिवेशनको तयारी थालेको छ । पार्टी अध्यक्ष उपेन्द्र यादव संयोजकत्वको विधान मस्यौदा समितिले पार्टीको विगतको आफ्नो सांगठनिक अनुभव, प्रमुख राजनीतिक दलका सांगठनिक पद्धति र संरचनाबारे अध्ययन थालेको हो । संघीय र समाजवादी मुलुकका तत् सम्बन्धी दस्तावेजहरू पनि उपयोगी हुन सक्ने समितिले ठहर गरेको छ । जसपाको राजनीतिक समितिले संगठनहरू गठन, पुनर्गठन गर्ने निर्णय गरेसँगै केन्द्रीय संगठन विभागले मातहतका पार्टी संगठन, समितिहरू र भ्रातृ संगठनहरुसँग अभिलेख माग गर्ने भएको छ ।

आगामी चैत्र सम्ममा विधान अधिवेशन गर्ने र जेठमा पार्टीको महाधिवेशन गर्ने पार्टीको तयारी छ ।

# राजनीतिक दलको मिलोमतोमा सीमाक्षेत्रमा तस्करी



मधेशदृष्टि
जनकपुरधाम, २३ पुस । राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूको समेत मिलेमतो नेपाल-भारत सीमा क्षेत्रमा हुने तस्करी हुने गरेको आरोप लगाइएको छ ।

गृह मन्त्रालयका सहसचिव डा. भीष्मकुमार भुसालको संयोजकत्वमा गठित कार्यदलको प्रतिवेदनमा चुनावको समयमा विभिन्न सीमा नाकाबाट भएका तस्करीमा राजनीतिक दलका तल्लो तहदेखि केन्द्रसम्मका नेताहरूको मिलेमतो रहेको खुलाएको हो ।

कार्यदलमा नेपाल प्रहरीका डीआईजी भीमप्रसाद ढकाल, सशस्त्र प्रहरीका डीआईजी किशोर प्रधान र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक भीमबहादुर बुढाथोकी समेत सदस्य रहेका थिए ।

‘हामीले सीमा क्षेत्रमा अनुसन्धान गर्दा स्थानीय तहका कार्यकर्तादिखि केन्द्रका शक्तिशाली नेताहरूको समेत दबाब खेप्नुपरेको गुनासो प्रहरी र सशस्त्र प्रहरीहरूले गरेका छन्,’ कार्यदलका एक सदस्यले भने ।

‘चुनावको समय छ, हामीले खर्च गर्नुपर्छ, सानोतिनो विषय त हो, छाडिदिनुपर्‍यो भन्दै फोन आउँछ हजुर,’ अनुसन्धानका क्रममा आएको बयान उल्लेख गर्दै ती सदस्यले थपे । त्यति मात्र होइन, अन्य समयमा पनि नियन्त्रणमा लिइसकेका व्यक्तिलाई छुटाउन माथिल्लो तहकै नेताको समेत दबाब आउने गरेको प्रतिवेदनमा भनिएको छ ।

विशेष गरेर सुपारी, केराउ, ल्वाङ लगायतका खाद्य वस्तु नेपालबाट भारतमा तस्करी हुने गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । तेस्रो मुलुकबाट ल्याएको सुपारी, केराउ लगायतका खाद्य वस्तु बोर्डर क्षेत्रमा भण्डारण गरेर राख्ने र त्यसलाई नेपाली भनेर कागजात बनाई व्यापारीहरूले नै भारत निर्यात गर्ने गरेको देखिएको समितिका ती सदस्यले बताए ।

‘कानूनमा नेपाली सुपारी र केराउ भारत निर्यात गर्न मिल्ने व्यवस्था छ । त्यसको फाइदा उठाउँदै व्यापारीहरूले नै चीनबाट ल्याएका सुपारी र केराउलाई नेपाली हो भन्ने कागज बनाएर दैनिक टनका टन भारत पठाउने गरेको र तिनीहरु बोर्डरमै टँसेर गोदाम राख्ने, सुरक्षाकर्मी नदेख्नेबित्तिकै पोका बनाएर भारततर्फ तस्करी गर्ने गरेको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनमा विशेष गरेर झापाको काँकडभिट्टा नाकाबाट त्यसरी सुपारी तस्करी हुने उल्लेख छ। प्रतिवेदनमा भारतबाट नेपालतर्फ पनि विभिन्न तरिकाले तस्करी हुने गरेको उल्लेख गरिएको छ । भारतबाट दैनिक उपभोगका लागि सानो मात्रामा चिनी, खाने तेल लगायतका वस्तुहरू ल्याउन पाउने प्रावधान छ । तर, तस्करहरूले स्थानीयलाई प्रयोग गरेर भारतबाट सामान ल्याउने र त्यसलाई गोदाम बनाएर नेपालमा बिक्री गर्ने गरेको देखिएको छ ।

प्रतिवेदनले ती गोदामहरूमा छापा मार्न र तिनलाई निस्तेज पार्न सिफारिस गरेको छ । प्रतिवेदनमा तस्करी लगायतका कारणले गर्दा राजस्व संकलनमा पनि असर पुगेको उल्लेख छ ।

यस्तै छोटी भन्सारहरूमा वर्षमा ६ महिना पनि कर्मचारी नबस्दा राजस्व गुमेको औंल्याइएको छ । प्रतिवेदनमा ‘भन्सारका कर्मचारी, आन्तरिक राजस्व कार्यालय र राजस्व उठाउने निकायको सक्रियता अभाव रहेको’ उल्लेख छ । कर्मचारी नहुँदा व्यापारीहरूले कर तिर्न चाहेपनि तिर्न नसकी त्यतिकै मालसामान ल्याउने गरेको छ ।

तस्करी नियन्त्रण गर्न नसक्नुमा सुरक्षा निकायको पनि कमजोरी पाइएको छ । ‘केही प्रहरीहरू नै प्रलोभनमा परेर तस्करीमा लागेको र त्यसले गर्दा तस्करी गर्नलाई तस्करहरूलाई झन् सहज भइरहेको प्रतिवेदनमा उल्लेख छ रहेको ती सदस्यले भनाई छ ।

# मदिराको बोतलमा टाँसिने अन्तःशुल्क स्टीकर गुणस्तरहीन

धेशदृष्टि
जनकपुरधाम, २३ पुस । मदिरामा टांसिने अन्तःशुल्क स्टीकर गुणस्तरहीन छापिएको पाइएको छ ।

जनक शिक्षा सामग्री केन्द्रले छापेका अन्तःशुल्क स्टिकर पुरानो बोतलमा प्रयोग भएका स्टिकर सजिलै उप्काएर नयाँ बोतलमा टाँस्न मिल्ने भएपछि गुणस्तरहीन भएको आन्तरिक राजस्व विभागले पुष्टि गरेको छ। मदिरा उत्पादकले बोतलमा लगाएर पठाएको अन्तःशुल्क स्टिकर सजिलै उप्काउन मिल्ने खालको छ। पुरानोबाट सजिलै उप्काएर नयाँ बोतलमा टाँस्न मिल्ने देखिएपछि विभागले जनक शिक्षालाई लिखित पत्राचार गरेर यसबारे जानकारी गराएको विभागका उपमहानिर्देशक टंक पाण्डेले बताएका छन् ।




‘स्टिकरको गुणस्तरबारे विभागमा जानकारी आएपछि विभागले थप परीक्षण पनि गरेको थियो,’ पाण्डेले भने, ‘हामीले परीक्षण गर्दा पनि त्यही देखियो। मदिरा खपत गर्नुअघि सजिलोसँग स्टिकर उप्काउन मिल्ने रहेछ। त्यो अन्य बोतलमा टाँसेर बजार पठाउन पनि सकिने देखियो ।’

व्यवसायीले अन्तःशुल्क स्टिकर किनेर लैजानुपर्छ । त्यो भनेको राज्यको ठूलो राजस्व हो । तर, एउटै स्टिकर बारम्बार प्रयोग हुँदा राज्यलाई ठूलो नोक्सानी हुने भन्दै जनक शिक्षालाई सचेत गराएको पाण्डेले बताए । २०७७ साउनदेखि जनक शिक्षाले अन्तःशुल्क स्टिकर छापिरहेको छ । तर, उसको उत्पादन सुरुदेखि नै कमसल रहेको सम्बद्ध व्यवसायीको भनाईछ । ‘नक्कली मदिरामा पनि अन्तःशुल्क स्टिकर टाँसिएर आउनुका पछाडि यही कारण हो,’ एक मदिरा उत्पादकले भने, ‘मदिराका लागि होटल ठूलो ग्राहक हो । त्यहाँका कर्मचारीले सजिलैसँग स्टिकर निकाल्ने र न्यूनतम शुल्कमा बेच्ने गर्छन् ।’ पछिल्लो समय नक्कली मदिरा ब्रान्डेड बोतलमा भित्रिए । उनीहरूको बिर्कोमा अन्तःशुल्कको स्टिकर पनि लागेको पाइयो । राजस्व संकलनमा धक्का बेहोरेको सरकारले अन्तःशुल्क स्टिकरमा देखिएको बदमासी रोक्न नसकेको व्यवसायीको गुनासो छ । विभागका उपमहानिर्देशक पाण्डेका अनुसार भारतको मद्रास सेक्युरिटी प्रिन्टर्सले नयाँ स्टिकर छापेर पठाएपछि उक्त समस्या सल्टिने छ । उनका अनसार मद्रास सेक्युरिटीले अन्तःशुल्क स्टिकर छापेर पठाएपछि वर्तमान समस्या अन्त्य हुने विभागको बुझाइ छ । आन्तरिक राजस्व विभागले १ करोड ८ लाख ८२ हजार ६ सय ७० अमेरिकी डलरबराबरको ठेक्का लगाइसकेको छ ।

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित परेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।


जनकपुरधाम उप-महानगरपालिका
जनकपुरधाम, मधेश प्रदेश, धनुषा

शक्तिमान रोटावेटर
अधिकृत विक्रेता:
त्रिशक्ति ट्रेडर्स
प्रतिमा चौक, वीरगंज, मो.नं. ९८११३०४३९९
पाँच पटकको जोताई एक पटकमा



SHAKTIMAN®
MAKING AGRICULTURE MORE ECONOMICAL

# पत्रकारलाई सहजरुपमा काम गर्न देउ : प्रेस चौतारी




मधेशदृष्टि
गरुडा, २३ पुस । मधेश दृष्टि रौतहटका संवाददाता अर्थ न्युज राष्ट्रिय टिभीका रौतहट जिल्ला प्रतिनिधि विकास अग्रवाललाई समाचारको विषयलाई लिएर कार्यवाहीको लागी प्रहरीलाई पत्राचार गरेकोप्रति प्रेस चौतारीले आपति जनाएका छन ।

प्रेस चौतारी रौतहट शाखाका सचिव मुकेश साहले बिज्ञप्ति निकालेर पत्रकारलाई सहजरुपमा काम गर्ने बातवरण बनाउन सम्बन्धित पक्ष संग आग्रह गरेको छ ।

जिल्ला सदस्य पत्रकार बिकाश अग्रवालले गौर नगरपालिका वडा नं. ३ अवस्थित राजश्री सेविंग्स एण्ड क्रेडिट को-अपरेटिभ सोसाइटी लि. शाखा कार्यालय गौरमा सेवाग्राहीले लगाएको तालावन्दी तथा बिगत देखी ठगिदै आएको सेवाग्राहीको कुरालाई उजागार गर्दा उल्टै शाखा प्रवन्धक कृष्णचन्द्र दाहालले जिल्ला प्रहरी कार्यालय रौतहटमा दिएको उजुरीको बिषयमा हाम्रो ध्यानाकर्षण भएको चौतारीले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ ।

पत्रकारले लेखेको समाचार तथा सम्प्रेक्षणको बिषयलाई लिएर चित्त नबुझेमा नियमनकारी निकाय प्रेस काउन्सिलमा हुँदाहुँदै पत्रकारमाथि साइबर क्राइमको मुद्दा दायर गर्ने प्रवृत्तिको प्रेस चौतारी रौतहट खेद प्रकट गरेको छ ।

घटना प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको ठाडो हस्तक्षेप र पत्रकारले स्वतन्त्रतापूर्वक समाचार लेख्न र सम्प्रेक्षण गर्न पाउने संवैधानिक अधिकारमाथिको हनन भएको रौतहट चौतारीको ठहर छ ।

यस बिषयमा आवश्यक छानबिन गरी प्रेसको संवैधानिक अधिकारको सम्मान गर्न र पत्रकारलाई स्वतन्त्र र निर्भिक रूपमा काम गर्ने वातावरण बनाउन सम्बन्धित निकायसँग प्रेस चौतारी नेपाल रौतहटले माग गरेको छ ।

पत्रकार अग्रवालले राजश्री सेविङ्स एण्ड क्रेडिट को-आपरेटिभ सोसाइटी लिमिटेड नामक संस्थाको एजेण्टबाट पिडित एक सेवाग्राहीको पीडा समाचारको माध्यमबाट बाहिर ल्याउँदा संस्थाका प्रबन्धक कृष्ण चन्द्र दहालले पत्रकारलाई कारवाहीको माग गर्दै प्रहरीलाई पत्राचार गरेको हो ।

रकम जम्मा गर्नेलाइ कुनै जानकारी नै नदिई ऋण लिनु, जवाब माग्दा नदिनु प्रबन्धकको गैर जिम्मेवारी कार्यको बिरुद्ध समाचार लेख्ने पत्रकारलाई पत्र काटेर धम्क्याउन खोजेको पत्रकार अग्रवालले आरोप लगाएका छन् ।

# प्रचण्ड नेतृत्वको सरकार खिचडी हो : मुख्यमन्त्री पाण्डे




मधेशदृष्टि
जनकपुरधाम, पुस २३ गते । नेकपा एकीकृत समाजवादी पार्टीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिने नदिने बारे पुस २६ निर्णय गर्ने बताएका छन ।

शनिवार जनकपुरधाममा समाजवादी प्रेस संगठन धनुषाद्वारा आयोजित पत्रकारमा बोल्दै बागमती प्रदेशका कार्यवाहक मुख्यमन्त्री समेत रहेका पाण्डेले अहिलेसम्म गठबन्धनले लिखित रुपमा मत मागेको छैन, व्यक्तिगत रुपमा प्रचण्डले कुरा गरेका छन् । औपचारिक रुपमा मत मागेको छैन, मत दिने वा नदिने बारे हामी पुस २६ गते बस्ने बैठकबाट निर्णय गर्नेछौं भने ।

उनले भने निती तथा कार्यक्रममा कस्तो आउंछ त्यो पहिला हामी हेर्छौं । त्यसमा संविधान हित, राष्ट्र हित, संघीयता तथा संविधानको रक्षा र जनताको जनजिविकासँग जोडिएका कुरा आएको छ/छैन हेरेर मात्रै निर्णय गर्छौं मत दिने वा बाहिर बस्ने ।

नेकपा एसको संसदीय दलको उपनेता समेत रहेका पाण्डेले वर्तमान सरकारमा राजसंस्था चाहने र संघीयता विरोधी र नागरिकता आरोपितहरुकोसम्मिलितखिचडी सरकार रहेकाले विश्वासको मत पाउने अथवा नपाउने अझै विश्वास नरहेको बताए ।

पाण्डेले एमाले अध्यक्ष केपि शर्मा ओलीले हिजोको संसद विघटन र मैले चालेको कदम ठिक थिएन सम्म नभनेकै अवस्थामा प्रचण्डले चालेको कदम हतार र कुसी तथा पदकै लागि रहेको प्रस्ट भएको आरोप समेत लगाए ।

सञ्चारकर्मीहरुको जिज्ञासामा उनले जसपासँग मात्रै होइन अन्य पार्टीसँग पनि एकताका लागि हामीले समिति नै बनाएका छौं । हामी जुनसुकै पार्टीसँग एकीकरण गर्न सक्छौं तर एमालेसँग एकीकरण अहिलेको अवस्थामा गर्दनौं प्रष्ट पारे ।

पार्टीले मत नदिने निर्णय गरेपनि सांसदहरु लोभलालचमा मत दिएको खण्डमा के गर्ने भन्ने जिज्ञासामा उनले गण्डकी प्रदेशमा राष्ट्रिय जनमोर्चाका सांसदले फ्लोर क्रस गर्दा सांसद पद गएको स्मरण गराउदै भने पार्टीको ह्वीप नमान्नेलाई कारवाही हुनेछ । आफनो पार्टीको प्रतिनिधीसभाको १० र राष्ट्रियसभाको ८ गरि कुल १८ सांसद एकदमै संसदिय अनुभवी रहेको भन्दै उनले आफुहरुको भुमिका समान्य नहुने चेतावनी दिए ।

सो पत्रकार सम्मेलनमा पार्टीका प्रदेश सांसद रत्नेश्वर लाल गोइत, पुर्व सांसद सत्रुधन महतो, धनुषा अध्यक्ष रामचन्द्र पण्डित, सचिव राजकुमार यादव र वृहतर जनकपुरधाम क्षेत्र विकास परिषदका अध्यक्ष शितल साह लगायतको उपस्थिति रहेको थियो ।

# शिक्षक र प्रअको सरुवा हुनु स्वभाविक हो : मेयर जयसवाल

मधेशदृष्टि
गरुडा, २३ पुस । शिक्षक र प्रधानाध्यापकको सरुवालाई आधार बनाएर विपक्षी दलले विद्यार्थीहरुलाई आन्दोलनमा उतारेर आफ्नो स्वार्थपूर्ति गर्न खोजेको गरुडा नगरपालिकाका नगर प्रमुख कन्थमनी जयसवालले आरोप लगाएका छन ।

शिक्षक र प्रअको सरुवा हुनु स्वभाविक हो यस विषयलाई लिएर प्रदर्शनमा बिपक्षी दलका केहि ब्यक्तिले आफ्नो स्वार्थका पूर्तीका लागी श्री नमुना माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई उचालेर आन्दोलन गराएको उनले भने । मेयर जयसवालले विपक्षी दलले विद्यालयलाई राजनैतिक आखाडा बनाउन खोजेको आरोप समेत लगाएका छन् । शिक्षा क्षेत्रलाई सुधार गर्ने खोज्दा बिधालयमा राजनितीकरण गरि विद्यार्थीलाई उचालेर आन्दोलन गराउनु, पालिका घेराउ गराउनु अशोभनिय रहेको भन्दै नगर प्रमुख जयसवालले आपति जनाएका छन् ।

एउटै विद्यालयमा लामो समय देखि कार्यरत रहेको कारण शैक्षिक अवस्था तहसनहस हुन पुगेको, विद्यालयलाई राजनीतिक अखडा बनाएकाले सुद्धिकरणका लागि सरुवा गरिएको मेयर जयसवालको दाबी छ ।

शिक्षक र प्रधानाध्यापक सरुवा हुनु स्वभाविक हो, यो त बेला बेलामा हुनै पर्छ, यसमा आतिनु पर्ने कुनै आवश्यक नै छैन् । हामीले कसैमाथि अग्रहपुर्वाग्रह नराखि यो निर्णय गरेका छौ । बिस्तारै आवश्यकता अनुसार अरु विद्यालयमा सरुवा गर्दै जाने मेयर जयसवालले भनाइ छ ।

# ढिलो फैसला आउंदा ६ महिना थप कारागारमा बस्नुपऱ्यो

मधेशदृष्टि
जनकपुरधाम, २३ पुस । सप्तरीको डाक्नेश्वरी नपा-९ की दुर्गादेवी साहलाईं बोक्सीको आरोप लगाएर अमानविय व्यवहार गरेको आरोपमा अदालतले ढिलो गरी फैसला गर्दा एक आरोपितलाई ६ महिना बढी कारागारमा बस्नु परेको छ । सो आरोपमा सोही ठाउँका ५२ वर्षीय बिजली साहलाई ६ महिना कैद र ५ हजार रुपियाँ जरिवाना भएको छ ।

अभियुक्त ठहरिएका बिजली ०७८ मङ्सिर २८ गतेदेखि नै पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन् । अदालतले ढिलो फैसला गर्दा उनी तोकिएको कैद थप सजाय भन्दा ६ महिना २२ दिन बढी बस्नु परेको हो ।

करीब एकवर्ष अघि अदालतले पुर्पक्षका लागि थुनामा पठाएको थियो ।

जिल्ला अदालतका न्यायाधीश लालकाजी श्रेष्ठको इजलाशले पुर्ण फैसला गर्दै आरोपितलाई ६ महिना कैद र ५ हजार रुपियाँ जरिवानाको फैसला गरेको अदालतका सूचना अधिकारी भरतमणि पोखरेलले जानकारी दिएका छन् ।

घटनाका अन्य आरोपितहरु सोही ठाउँका ५९ वर्षीय तुलसी साह, ५० वर्षीया मीनादेवी साह र २३ वर्षीय विशाल साहले सफाई पाएका छन् । ०७८ फागुन ३० गते गिरफ्तार भएका तुलसी पुर्पक्षका लागि २० हजार रुपियाँ धरौटीमा रिहा भएका थिए ।

यस्तै ०७९ भदौ ९ गते अदालतमा हाजिर भएका मीनादेवी र विशाल पुर्पक्षका लागि जनही १ लाख रुपियाँ धरौटी राखेर रिहा भइसकेका छन् ।

आरोपितहरुले ०७७ मङ्सिर ५ गतेँ बोक्सी भन्दै गालीगलौज र कुटपिट गरेको आरोप लगाउँदै पीडित दुर्गादेवीले दिएको उजुरी उच्च अदालत जनकपुर राजविराज इजलाशको परमादेशपछि मात्र जिल्ला प्रहरी कार्यालयले ०७८ मङ्सिर ५ गते दर्ता गरेको थियो ।

# जसपा अध्यक्ष यादव सहित १३० जना विरुद्ध मुद्दा चलाउन सिफारिस



मधेशदृष्टि
जनकपुरधाम, २३ पुस । राष्ट्रिय मानव अधिकार आयोगले जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादवसहित १३० जनामाथि अनुसन्धान गरि मुद्दा चलाउन सिफारिश गरेको छ ।

मानव अधिकार आयोगको पुस १९ गते बसेको बैठकले २०६३ सालमा रौतहटको गौरमा भएको घटनामा तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष यादवसहित १३० जनामाथि अनुसन्धान गर्न सिफारिश गर्ने निर्णय गरेको हो ।

आयोगले पीडित परिवारले किटानी जाहेरी दिएका ६६ जना र सरकारले गठन गरेको आयोगले दोषी ठहर गरेका ६४ गरी १३० जनामाथि अनुसन्धान गर्न सिफारिश गरेको हो ।

आयोगको निर्णयमा भनिएको छ, उल्लेखित व्यक्तिहरु उपर तत्काल अनुसन्धान तहकीकात गरी दोषी देखिएका व्यक्तिहरु उपर अभियोग दर्ता गराउने कार्य गरी सो को जानकारी यस आयोगलाई गराउन र प्रत्येक तीन तीन महीनामा आयोग समक्ष प्रगति प्रतिवेदन पठाउन ।

२०६३ चैत ७ गते रौतहटको गौरमा तत्कालीन नेकपा (माओवादी) र मधेशी जनअधिकार फोरमले आयोजना गरेको आमसभामा झडप हुँदा माओवादीका २७ जना कार्यकर्ताको ज्यान गएको थियो भने झडपमा ११५ जना घाइते भएका थिए ।

# हरिवन ७ को पुनः मतगणना हुने

घनश्याम बलम्पाकी
सर्लाही, २३ पुस । सर्लाहीको हरिवन वडानम्बर ७ को पुनः मतगणना गर्न उच्च अदालत जनकपुरधामले आदेश दिएको छ । उच्च अदालत जनकपुरका रजिष्ट्रार खड्गराज अधिकारीका अनुसार न्यायाधिशद्वय भोजराज अधिकारी र रेखा थापा पाण्डेको संयुक्त ईजलासले गत वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनको मतगणनालाई रद्द गरी माघ २० गतेभित्र पुनः मतगणना गर्न अदालतले आदेश दिएको हो ।

'गन्नुपर्ने मत गनिएन, सदर गर्नुपर्ने मत बदर गरियो भन्ने कुरा उठ्यो । मतान्तर पनि एक मतको मात्र देखिएपछि बेन्च कन्भिन्स भएर पुनः मतगणनाको आदेश दिइएको हो,'रजिष्ट्रार अधिकारीले भने ।

स्थानीय तह निर्वाचन २०७९ अन्तर्गत निर्वाचन अधिकृतको कार्यालय हरिवनले गरेको मतगणना अनुसार हरिवन-७ को वडाध्यक्षमा नेकपा एमालेका निरध्वज कार्की निर्वाचित भई कार्यरत छन् ।

निर्वाचन अधिकृतको कार्यालयको गणना अनुसार कार्की ३७९ मत सहित विजयी भएका हुन् भने निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका टिकाजंग थापाले ३७८ मत पाएका थिए ।

कांग्रेसका थापाले तत्कालै पुनः मतगणनाको अन्तरिम आदेश जारीको माग सहित रिट दायर गरेका थिए ।

तर अदालतले अन्तरिम आदेश जारी नगरी पुनः मतगणनाको आदेश दिएको छ । रजिष्ट्रार अधिकारीले अब मतपत्र अदालतमै झिकाएर पुनः गणना गरिने बताए ।

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरू:

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरु लागु हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रोकिएका काम पुनः सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्यको अवसर मिल्नेछ । जोशजाँगर पनि बढ्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सरकारी निकायको भय पनि रहला ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ । विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कुनै कुराले मन निक्कै प्रसन्न हुन सक्छ । गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । आफूले अरुलाई प्रभावित पारेर काम बन्नेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ । मनमा दुबिधा उत्पन्न हुनेछ, तर शुभ र नयाँ कार्यको योजना बन्नेछ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । शत्रु पराजित हुनेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । पढाइमा प्रगति नै हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय छ । धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज प्रेमीको सहयोग पाइनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् ।

# कटहरिया चिसो बाट जोगीन दाउरा वितरण



आरके श्रीवास्तव
गरुडा, २३ पुस ।
तराई मधेस सहित देशभरी नै शितलहरका कारण सर्वसाधारणको जनजिवन प्रभावित हुन थालेपछि रौतहटको कटहरिया नगरपालिकाले आफ्ना पालिकामा दाउराको ब्यवस्था मिलाएको छ ।

जिल्लाको मध्यभागमा अवस्थित रहेको कटहरिया नगरपालिकाका नगर प्रमुख अजय प्रकाश जयसवालले आफ्नो नगरवासीलाई ख्याल गरि कठ्यांग्रिदो जाडोबाट बच्नको लागि ९ वटै वडामा आगो ताप्नको लागि दाउराको व्यवस्था मिलाएका हुन् ।

डिभिजन वन कार्यलय रौतहटसँग समवन्य गरी नगरको प्रत्येक वडामा दाउरा वितरण थालिएको नगर प्रमुख जयसवालले जानकारी दिए ।

नगरपालिकाले उपलब्ध गराएको दाउरा नगरपालिकाको सार्वजनिक स्थल तथा चौक चौकमा र आवश्यकता अनुसार ठाउँ ठाउँमा समेत उपलब्ध गाराउन नगर प्रमुख जयसवालले बताए । मेयर जयसवालको यो कदमको नगरवासीहरुले सराहना गरेका छन् ।

अतयधिक चिसो बढेपछि वृद्धवृद्धा,अति विपन्न परिवारहरु समस्यामा परेका छन् ।


# आफ्नै सन्तानहरुलाई हत्या गर्ने आमालाई जन्मकैद

मधेशदृष्टि
जनकपुरधाम, २३ पुस । आफ्नै सन्तानहरुको हत्या गर्ने सिरहाको गोलबजार नपा-९ की ३८ वर्षिय रुक्साना खातुनलाई जन्मकैद र थप ३ वर्ष कैद सजाय भएको छ ।

सप्तरी जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद सुबेदीको इजलाशले आरोपितलाई जन्मकैद र ३ वर्ष थप कैद सजायको फैसला ठहर गरेपनि रुक्सनालाई ८ वर्ष कैद गर्ने गरी उच्च अदालत जनकपुर राजविराज इजलाश समक्ष प्रस्ताव पठाएको जिल्ला अदालतका सूचना अधिकारी भरतमणि पोखरेलले जानकारी दिएका छन् ।

आरोपितले ०७६ असार २० गते हत्या गरेको भन्दै आरोपितकी सासु ७० वर्षीया जलेखा खातुनले असार २२ गते इलाका प्रहरी कार्यालय कञ्चनरुपमा उजुरी दिएकी थिइन । सप्तरीको हनुमाननगर कंकालिनी नपा-१ भारदहस्थित सप्तकोशी नदीमा चार सन्तानलाई फालेर आत्महत्याको प्रयास गरेकी आरोपित र माइला छोरा ५ वर्षीय तहसिल भने बाँच्न सफल भएका थिए । सो घटनामा कोशीमा बेपता भएका रुक्सानाका छोरा १२ वर्षीय मो. तरिक शेख, ३ वर्षीय आसिलम शेख र २ बर्षीया छोरी आजमिन खातुनको हत्या गरिएको भनिएको छ । कोशीमा बेपत्ता भएको भनिएको आरोपितका दुई छोरा र एक छोरी हालसम्म फेला परेको छैन । जिल्ला अदालतमा ०७६ साउन १४ गते अभियोगपत्र दायर भएकोमा साउन १५ गतेदेखि रुक्साना पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छिन् ।

# हिमानी गढीमाई दर्शनमा



मधेशदृष्टि
वीरगंज, २३ पुस । पूर्व युवराज्ञी हिमानी शाह छोरा छोरी सहित आज गढीमाई दर्शनको लागि बारा पुगेको छ ।

बलिका लागि विश्व प्रशिद्ध शक्ति पिठको रुपमा रहेको बाराको बरियापुर स्थित गढीमाई मन्दिरमा दर्शनका लागि पूर्वयुवराज्ञी हिमानी शाह, छोरा हिरदेन्द्र शाह, छोरी कृतिका शाह सहित राजपरिवारका सदस्यहरु दर्शनका लागि पुग्नु भएको थियो ।

युवराज्ञी हिमानीले करिब आधा घण्टा पुजाआजा गर्नु भएको छ । पूर्वयुवराज्ञी सहित राजपरिवारका सदस्यहरुको स्वागतका लागि वीरगंज तथा वारा पर्साका सयौं राजाबादी तथा शुभेच्छुकहरु गढीमाई पुगेका थिए ।

# बचत संस्थाहरू उत्पादनमुखी हुनपर्छ : मेयर साह




मधेशदृष्टि
जनकपुरधाम, २३ पुस । जनकपुरधामउपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले सहकारी संस्थाहरूलाई उत्पादनमुखी हुनुपर्ने बताएका छन् ।

आस्था बचत तथा ऋण सहकारी संस्थाको शनिबार सम्पन्न १३ औं साधारणसभाको शनिवार उद्धाटन गर्दै नगर प्रमुख साहले सो कुरा बताएका हुन् । उनले सहकारीको अभियानलाई उत्पादनसँग जोड्न सकेमात्र समृद्ध समाजको निर्माण हुन सक्ने बताए ।

सहकारी समाज विकास र परिवर्तनको सम्बाहकको रूपमा प्रयोग हुन सक्ने साधन भएकाले त्यसका सञ्चालकहरूले सुझबुझका साथ नीति, विधि र प्रक्रियाभित्र रहेर सहकारीलाई उत्पादनमुखी अस्त्रको रूपमा प्रयोग गर्न आग्रह गरे ।

कार्यक्रममा बोल्दै उनले अहिलेसम्मका सहकारीका गतिविधिलाई हेर्दा कतिपयले सहकारीलाई ठगी खाने भाडोका रूपमा प्रयोग गरेको बुझिन आएकाले त्यस्ता खालका सहकारीहरूले तत्काल पारदर्शी तरिकाले अघि बढ्न आग्रह गरे । सर्वसाधारण नागरिकले गास कटाएर बचत गरेको धनमाथि खेलबाड गर्ने अधिकार कसैलाई नभएको भन्दै त्यस्ता खालका गतिविधि गर्नेहरूमाथि स्थानीय सरकारले कारबाहीको प्रक्रिया अगाडि बढाउने पनि उनले बताए ।

संस्थाका अध्यक्ष गोपालप्रसाद गुरुङको अध्यक्षता भएको सो कार्यक्रममा संस्थाले आफ्ना असल बचतकर्ता, असल ऋणि, ज्येष्ठ नागरिक बचत कर्ता लगायतलाई सम्मान गरेको थियो ।

# सरकारलाई सफल बनाइन्छ : अध्यक्ष ओली

काठमाडौं, २३ पुस
पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले वर्तमान सरकारलाई सफल बनाइने बताउनुभएको छ । एमालेको संसदीय मामिला विभागले संसदीय अभ्यासबारे जानकारी गराउन शनिवार यहाँ आयोजना गरेको 'नेपालमा संसदीय प्रक्रिया तथा कानुन तर्जुमा' विषयक अभिमुखीकरण कार्यक्रममा उहाँले राजनीतिक, नीतिगत र व्यावहारिक हिसाबले सरकारलाई सफल बनाइने बताए । "यो सरकारलाई सफल बनाउन चाहान्छौँ", अध्यक्ष ओलीले भने , "सरकारलाई हामीले उपयुक्त ढङ्गले मार्गनिर्देश गर्छौँ । सरकारले सही नीति लेओस्, भ्रष्टाचार नगरोस् र सुशासन तथा विकास गरेर सक्रियताका साथ अघि बढोस । उनले यही पुस २६ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वासको मतसमेत पाउने बताए ।

अध्यक्ष ओलीले संसद् अधिवेशन सुरु हुने दिन तथा प्रधानमन्त्री दाहालले विश्वासको मत पाउने दिन संसद् भवनमा समयमा नै प्रवेश गर्न सांसदहरुलाई निर्देशनसमेत दिए । एमाले संसदीय दलका नेतासमेत रहनुभएका अध्यक्ष ओलीले केही बाहिरी तत्वले अहिलेको सरकार ढाल्न खोजिरहेको उल्लेख गर्दै त्यो पूरा नहुने बताए । उनले अहिलेको सरकारले छिमेकी देशसँग सुमुधुर र पारस्परिक सम्बन्ध राखेर अगाडि बढ्ने बताए । "हामी विदेशी हस्तक्षेप रुचाउँदैनौँ", अध्यक्ष ओलीले भने । उनले सांसदहरुलाई गर्नुपर्ने काम प्राथमिकतामा राखेर गर्नुपर्ने निर्देशन दिए । उनले संसद्को अभ्यासमा भाग लिन नभ्याउने तथा बाहिर बाहिर जानेजस्ता काम नगर्नसमेत सचेत गराए । अध्यक्ष ओलीले जनताले अनुमोदन गरेर संसद्मा पठाएकाले सांसदहरुलाई जनताका पिरमर्काबारे संसद्मा आवाज उठाउन आग्रह गरे । कार्यक्रममा एमाले संसदीय मामिला प्रमुख डा शिवमाया तुम्बाहाम्फेले नवनिर्वाचित सांसदले दलको निर्देशनलाई मानेर अगाडि बढ्नुपर्ने बताए । उनले संसद्मा खेल्नुपर्ने भूमिकालाई उल्लेखनीयरुपमा प्रस्तुत गर्नुपर्नेमा जोड दिए ।

विभागका सदस्य खिमलाल भट्टराईले संसद्मा एमालेको भूमिकालाई सांसदहरुले प्रभावकारी बनाउनका लागि अभिमुखीकरण गरिएको बताए ।

# प्रदेशकै पहिलो विद्युतिय सवारी चार्जिङ निर्माण

मधेशदृष्टि
वीरगंज, २३ पुस । मधेश प्रदेशमै पहिलो पटक रौतहटको चन्द्रनिगाहपुरमा विद्युतीय सवारी चार्जिङ स्टेशन निर्माण हुने भएको छ ।

चन्द्रपुर नगरपालिका वडानम्बर ४ स्थित जिल्ला ट्राफिक प्रहरी कार्यालय नजिकैको स्थानमा विद्युतीय सवारी चार्जिङ स्टेशन निर्माण हुने भएको छ । मधेश प्रदेशको नबप्रबर्दन साझेदारी कोष र चन्द्रपुर नगरपालिकाको संयुक्त लगानीमा विद्युतीय चार्जिङ्ग सेन्टर निर्माण हुन लागेको हो ।

अनुमानित २ करोड १४ लाखको लागतमा जेष्ठ मसान्तसम्म निर्माण पूरा गरिसक्ने लक्ष्यका साथ कार्य अघि बढाइएको चन्द्रपुर नगरपालिकाको योजना शाखाका ईन्जिनियर महेश बोहोराले जानकारी दिएका छन् । चन्द्रपुर क्षेत्र भित्रका विद्युतीय गाडी र यस क्षेत्रको राजमार्ग हुदै चल्ने सवारी साधनको लागि निर्माण हुने विद्युतीय चार्जिङ्ग सेन्टरले लाभ पुर्याउने छ । आधुनिक सुबिधा सम्पन्न चार्जिङ्ग सेन्टरमा कम्पाउण्डवाल, आधुनिक बिधुतीय गाडी चार्ज हुने, प्रतिक्षालय, बालबालिकाको लागि खेल्ने स्थान, शौचालय लगायतका पुर्वाधार रहने ईन्जिनियर बोहोराले बताए ।

विद्युतीय चार्जिङ्ग सेन्टर निर्माण भएपछि साना-ठूला सबै सवारीसाधनको चार्ज गर्न मिल्दछ भने नेपालमा उपलब्ध रहेका सवारीसाधनको क्षमता अनुसार एकदेखि डेढ घण्टासम्ममा पूर्ण चार्ज भई गुडाउने मिल्ने छ । स्वेशदमै उत्पादित बिधुतको आन्तरिकरूपमा खपत बढाउन, पेट्रोलियम पदार्थको खपत कम गरी आयात घटाउन विद्युतीय चाजिङ्ग सेन्टरले सघाउन पुर्याउने छ ।

चन्द्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरीलाल पुरीले विद्युतीय चार्जिङ्ग सेन्टर निर्माण भएपछि विद्युतीय सबारी साधनको माग बढन जाने विश्वास लिनु भएको छ । उहाँले विद्युतीय सवारीसाधन प्रयोगमार्फत वातावरणमैत्री यातायात प्रणालीको विकास हुने बताए ।

विद्युतीय चाजिङ्ग सेन्टरमा एक सेटमा २ वटा गाडी एक साथ चार्ज हुने, ई रिक्साको लागि ६ वटा चाजिङ्ग प्वाईन्ट र दुई पाङ्ग विद्युतीय सबारी साधनको लागि ५ वटा चार्जिङ्ग प्वाईन्ट राखिनेछ ।

चन्द्रपुर नगरपालिकाका प्रमुख सञ्जय काफलेले विद्युतीय सवारी साधनको माग बढिरहेको बेला चाजिङ्ग सेन्टरले सबारी धनीलाई लाभ पुग्ने बताए । उनले नगरको विकासमा समेत चाजिङ्ग सेन्टरले अर्थ राख्ने भएको हुँदा यसको निर्माणमा तीव्रता दिइने बताए ।

# दुई सुन पसलमा चोरी

मधेशदृष्टि
रौतहट, २३ पुस । चन्द्रपुर नगरपालिकाको दुईवटा सुन पसलमा गएराति चोरी भएको छ । चन्द्रनिगाहपुरको मुख्य चोकमा रहेको गढीमाई सुनचाँदी पसल र बजारमा रहेको प्रज्ज्वल सुनचाँदी पसलमा चोरी भएको हो । गएराती दुवै सुन पसलको सटर फुटाएर पसलमा रहेको सुन र चाँदीका गहना चोरेर लगेका हुन् । चोरीका विषयमा अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका डिएसपी सन्तुप्रसाद जयसवारले जानकारी दिनुभयो ।

दुवै सुन पसलबाट करिव १२ लाख बराबरको सुन र चाँदीका गहना चोरी भएको पसल सञ्चालकहरूले बताएका छन् ।

# चिसोका कारण गरुडाका विद्यालय बन्द

आरके श्रीवास्तव
गरुडा, २३ पुस । चिसो अत्यधिक बढेपछि रौतहटको गरुडा नगरपालिकाका विद्यालय बन्द गरिएको छ । चिसोका कारण पठनपाठन प्रभावित हुने भएपछि विद्यालय बन्द गरिएको छ । बढ्दो जाडो तथा शितलहरले गर्दा जनजीवन कष्टपूर्ण भएपछि जाडो विदा दिइएको छ ।

गरुडा नगरपालिकाका नि.प्रमुख प्रशासकिय रामबाबु राय यादवले एक सूचना जारी गरि पुस २४ गते रोज आइतबार देखि पुस २६ गते मंगलबार सम्मको लागि वर्षे विदा बाट कट्टा हुने गरि नगरपालिका अन्तर्गत संचालित सामुदायिक बिधालय तथा संस्थागत बिधालयहरू बन्द गरिएको जानकारी गराईएको हो ।

यस्तै,अत्यधिक चिसो बढेपछि रौतहटका अन्य पालिकाहरुले यस अघिनै बिधालयहरू बन्द गरि सकेका छन् । जिल्लाको गढिमाइ नगरपालिका,परोहा नगरपालिका,फतुवा बिजयपुर नगरपालिका, राजदेवी नगरपालिका, माधवनारायण नगरपालिका र यमुनामाइ गाउँपालिकाले पनि सूचना जारी बिधालयमा विदा रहने व्यहोरा जानकारी गराइसकेको छ ।

चिसोले अत्यधिक असर बालबालिकाहरु गर्ने भएकाले बालबालिकाहरु लाइ चिसो बाट जोगाउन बिधालयहरु बन्द गरिएका हुन् । चिसोका कारण विद्यार्थीलाई विद्यालय आउनजान समस्या भएपछि पालिकाहरू बिदा दिने घोषणा गरेका हुन् ।

गत सोमबारदेखि बढेको अत्यधिक चिसोलाई मध्यनजर गर्दै अन्य पालिकाहरूले पनि बिदाको तयारी गरेका छन् भने केही बिदा थप गर्ने योजनामा छन् ।

# एक लाखको अवैध सामान बरामद

मधेशदृष्टि
वीरगंज, २३ पुस । बारा सिम्रौनगढ नगरपालिका वडा नम्बर १ भन्टाबारीबाट भारत हुदै नेपाल तर्फ अवैध रुपमा मोटर साईकलमा ल्याई रहेको अवस्थामा १ लाख मुल्य बराबरको अवैध सामान शनिवार दिउँसो प्रहरीले बरामद गरेको छ ।

भारतबाट नेपाल तर्फ राजस्व छलि ल्याउदै गरेको राजनिवास, तुलसी, बाबा ईलाईचि/सुपारी, पलम्बरको समान, डोरी तथा ३ बण्डल प्लाष्टिक गरी १ लाख मुल्य बराबरको समान बरामद भएको प्रहरीले जनाएको छ ।

गस्ती टोलीलाई देख्नासाथ तस्करले आफू सवारी विआर ०५ एक्स ८८९० नम्बरको मोटर साईकल सहित सामान छोडेर फरार भएको र घटनामा संलग्न व्यक्तिको खोजी भई रहेको जिल्ला प्रहरी कार्यालय वाराका प्रवक्ता एवं डिएसपी राजेश थापाले जानकारी दिए ।

# छठ घाट निर्माण नगरपालिकाले गराइरहेको छैन : नगरप्रमुख

मधेशदृष्टि
वीरगंज, २३ पुस । बहुदरमाई नगरपालिकाले वडा नम्बर ४ तिलावे खोलाको छेउमा निर्माण भई रहेको छठ घाट नगरपालिकाले निर्माण नगरेको स्पष्ट पारेको छ । पुस २२ गते शुक्रवार तिलावे पुल छेउ छठ घाटको भऱ्याङ निर्माणको सेट्रीङ्ग खोल्ने क्रममा एक मजदुरको मृत्यु भएको विषयमा नगरपालिकालाई दोष भएको भन्दै केही व्यक्ति तथा सामाजिक संजालमा समाचार सार्वजनिक भएपछि बहुदरमाई नगरपालिकाकाले आफूले होइन प्रदेश सरकारबाट निर्माण भइरहेको प्रष्ट पारेका छन । नगर प्रमुख सिंहासन साह तेलीले एक विज्ञप्ती जारी गर्दै सो छठ घाट निर्माण नगरपालिकाले गराइरहेको छैन । नगरपालिकालाई कुनै जानकारी नै नदिई, न कुनै सहमति लिई प्रदेश सरकारको सामाजिक विकास इकाई कार्यालय पर्साले संचालन गरेको भनेका छन् ।

विज्ञप्तीमा बहुदरमाई नगरपालिका वडानम्बर ५ निवासी मजदुर राज महतोको मृत्यु भएको घटनामा संलग्न दोषीलाई आवश्यक छानविन गरी कारवाही गर्न नगरपालिकाले अनुरोध गरेको छ ।विज्ञप्तीमा सो घटनामा मृत्यु भएका मजदुरको परिवार तथा घाइतेलाई नगरपालिकाले सक्दो सहयोग गर्ने समेत जनाईएको छ ।

# कठ्यांग्रिदो जाडोले जनजीवन प्रभावित

## ग्रामीण क्षेत्रमा स्थानीय तह अगेनासम्मको व्यवस्था गरेनन्

मधेशदृष्टि
वीरगंज २३ पुस ।
कठ्यांग्रिदो जाडो र शितलहरले पर्साको ग्रामिण क्षेत्रको जनजीवन नराम्रोसँग प्रभावित भएको छ । जाडोका लागि वीरगंजको शहरी क्षेत्रमा दाउरा तथा कम्बल वितरण सामान्य रुपमा भए पनि पर्साको ग्रामिण क्षेत्रको अवस्था बेहाल रहेको प्रभावितहरुले गुनासो गरेका छन ।

पर्साको धोविनी, कालिकामाई, जिराभवानी, सखुवाप्रसौनी, पटेर्वा सुगौली लगायतका क्षेत्रमा विपन्न वर्गका व्यक्तिहरु घुर तापेर बस्ने बाहेक अन्य कुनै विकल्प नभएको र उनिहरुलाई स्थानिय पालिकाले कुनै किसिमको सहयोग नगरेको पिडितहरुले बताएका छन ।

गृहमन्त्रालयले स्थानिय प्रशासन मार्फत विभिन्न सार्वजनिक चोकमा आगो बाल्न स्थानिय पालिकालाई दाउरा सहित निर्देशन दिएको भएपनि ग्रामिण क्षेत्रमा कुनै पालिकाले आगो नबालेको र न्यानो कपडा समेत वितरण नगर्दा गरिव विपन्न वर्गका व्यक्तिहरुको वेहाल भएको छ । यसैविच तराईमा अझै केही दिन शीतलहर चल्ने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । गएको पुस १७ गतेदेखि तराईमा शीतलहर चल्न सुरु भएको थियो ।

गृह मन्त्रालयले शीतलहर र हिमपात हुने क्षेत्रमा आवश्यक तयारी गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गरेको छ । गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलका अनुसार चिसो, शीतलहर तथा हिमपातबाट नागरिकलाई जोगाउन तथा क्षति हुन नदिन सरकारका तर्फबाट आवश्यक पहल गर्नु भनेर जिल्ला प्रशासनलाई पत्राचार गरिएको छ । यस्तै, मधेस प्रदेश सरकारले शीतलहरबाट हुनसक्ने सम्भावित जोखिम व्यवस्थापनका लागि सबै जिल्लामा आठ लाख रुपैयाँका दरले दिने निर्णय समेत गरेको छ । मधेस प्रदेश सरकारले आठवटै जिल्लाका विपद् व्यवस्थापन समितिलाई आठ लाखका दरले बजेट उपलब्ध गराउने निर्णय गरेको गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले जानकारी दिए । यो रकम अपुग भएमा मागको आधारमा मन्त्रालयको निर्णयबाट थप रकम उपलब्ध गराउन सकिनेछ ।




सम्पादकीय

# सडक विभाग अगाडि प्रतिरोध आवश्यक

सिरहाको कमला नगरपालिकामा, मलहनिया स्थित कमला नदीमा पुल बनाउँन थालेको १२ वर्ष भयो । तर, काम सम्पन्न हुनसकेको छैन । पुल र पुलसँग सम्बन्धित हुलाकी राजमार्ग निर्माणमा देखिएका गतिरोधहरुबारे जनकपुरधाममा सरोकारवालाहरुले छलफल गरेका छन् ।विकास आयोजनाहरु निर्धारित समयमा सम्पन्न हुननसक्दा त्यसबाट लाभ पाउँनेहरु ठगिन्छन् भने राज्यकोषबाट भएको लगानीको प्रतिफल पनि प्राप्त हुँदैन । समय लम्बिनु भनेको लागत बढ्नु हो । यस्तै अवस्था कमला पुलमा देखिएको छ ।

निर्माण कम्पनीले १२ वर्ष अघि २४ करोड ९० ला(खमा पुल निर्माणको कबोल गरेर काम थालेको थियो । पप्पु कन्स्ट्रक्सन लुम्बिनी बिल्डर्स जेभीसँग २०६८ जेठ ३१ मा तीन वर्ष भित्रममा काम सम्पन्न गर्ने संभौता भएको थियो । काम थालेर ठेक्काको रकम असुल्ने काम भएपनि पुल भने अलपत्रनै रहिरह्यो । पुल निम(णिको काम सम्पन्न नहुँदै कबोल गरेको अधिकांश भुक्तानी ठेकेदारले पाइसकेको छ ।

अहिलसम्म २३ करोड १९ लाख रुपैया ठेकेदारले बुझिसकेको छ । प्रश्न स्वभाविक छ, पुल निर्माण सम्पन्न नहुँदै अधिकांश रकम कसरी दिइयो ? सम्बर्(न्धत अधिकारीहरु कारवाहीमा पर्नुपर्ने थियो । तर, ठेकेदारलाई दोषि देखाएर सरकारी अधिकारीहरु पानी मुनिको ओभाने हुने प्रवृती यहाँ स्पष्टसँग देखिएको छ । स्थानीयको दबाव पछि ठेक्का अवधि थप गर्दैगर्दै अर्(न्तम पटक २०७८ साल फागुन ३० गतेसम्मको म्याद दिइएको थियो । अन्तिम म्यादमा काम भैरहेको समयमा १७ असार ०७८ सालमा कमला नदीमा आएको साम(ान्य बाढीमै पुलको दुई पिलर भासिएपछि फेरी काम रोकिएको छ । यहाँ पनि निर्माण कम्पनी भन्दा बढी दोषि पुलको जिम्मेवार निकाय सडक विभागको छ ।

कसले पुलको डिजाइन गरेका थिए ? डिजाइन अनुसार काम भएको थियो वा थिएन ? डिजाइन अनुसार निम(ाण सामाग्री प्रयोग भएको थियो वा थिएन ? निर्माणको समयमा कसले सुपरिवेक्षण गरेका थिए ? यी यावत प्रश्नहरुको उत्तर जनसरोकारका विषय हुन् । कारण, पुलमा राज्यको लगानी छ ।

तर, दुर्भाग्य, कमला नदीको पुल भासिएपछि त्यसको छानबिनका लागि सडक विभागले बनाएको छानबिन समितिको प्रतिवेदन अहिलेसम्म तयार भएको छैन । हुलाकी सडक आयोजनाका इन्जिनीयर कौशल कुमार यादवका अनुसार प्रतिवेदन आएपछि मात्रै विभागले पुनः निर्माणको काम अगाडि बढाउँछ । कहिलेसम्म प्रतिवेदन आउँछ ? त्यसको टुंगो छैन । यादवका अनुसार पुलको डिपिआरदेखि डिजाइन, ठेक्का लगाउने काम विभागले नै गरिरहेको छ । सरकारी कर्मचारीको एउटा चरित्र हुन्छ माथि देखाउने अर्थात जिम्मेवारी नलिने । कमला पुलमा त्यहीनै भैरहेको छ । 'विभागले दिएको डिजाइन अनुसार काम भइरहेको छ, कि छैन् अनुगमन गर्ने जिम्मेवारी मात्रै हाम्रो हुन्छ' यादव भन्छन् ' अहि(लेसम्म कमला पुलको विषयमा आफूहलाई विभागबाट कुनै निर्देशन अहिलेसम्म आएको छैन ।'यादवको कथनबाट स्पष्ट हुन्छ जिम्मेवार अधिकारीहरु आफूल(ाई बचाउने खेलमा सक्रिय छन् । छानविन प्रतिवेदनले संभवत खोलामा आएको बाढीलाई प्रमुख दोष देखाउने छ ।

४ सय ७० मिटर लामो पुल र हुलाकी सडक सिरहा र धनुषा जोडने लाइफ लाइन हुन् । पुल निर्माण नहुँदा यस क्षेत्रका सर्वसाधारण सास्ती भोग्न बाध्य छन् ।हुलाकी सडकबाट यात्रा गर्दा जनकपुरधाम र सिरहाको दूरी करिब ३० किलोमिटरमात्र छ । तर अहिले ३० किमीको साटो ८५ किलोमिटर भन्दा बढी दुरी पार गरेरमात्र जनकपुरबाट सिरहा पुग्न सकिन्छ ।

तीन वर्षमा निर्माण सम्पन्न हुनुपर्ने पुल ९ वर्ष बितिसक्दा पनि सम्पन्न नहुनु तर ठेकेदारले अधिकांश भुक्तानी पाउँनु, सामान्य बाढीमै पुलका पिलर भांसिनुले स्पष्ट हुन्छ यसमा सडक विभागका जिम्मेवार अधिकारीहरु बढी दोषी छन् ।

सबै भन्दा पहिला उनीहरुमाथीनै कारवाही हुनुपर्दछ । र, दोषि बाट असुरउपर गरेर पुलको निर्माण सम्पन्न गरिनुपर्दछ। सरोकारवालाहरुको ध्यानाकर्षण मधेश प्रदेशको राजधानी जनकपुरमा होइन, संघीय राजधा(नीमा रहेको सडक विभाग अगाडि प्रतिरोध आवश्यक छ ।

कबीरा खडा बाजार

# उपमा र अलंकार भन्दा माथिको सम्बन्ध

*निश्चय नै नेपालमा भारतको सामरिक र आर्थिक स्वार्थ छ । तर भारतीय स्वार्थ पूरा गर्ने सीमावर्ती क्षेत्रका बासिन्दाहरू हुन् भन्ने कुरा नितान्त गलत हो । नेपाल भित्रको राजनीतिक हानथापमा बेलाबखत यस्ता संकथनहरूलाई मलजल दिईन्छ जसमा सीमा क्षेत्रका बासिन्दाहरूको देशभक्ति माथि प्रश्न गरिएको हुन्छ ।*



– – चन्द्रकिशोर

छिमेकी भारतीय राज्य बिहारका हिंदी साहि(त्यकार रवीन्द्र भारतीले आफ्नो पुस्तक 'नेपाल उर्फ लट्ठा पार की डायरी' मा सीमावर्ती क्षेत्रमा नेपालको लोकतंत्रका लागि गरिएका संघर्ष र त्यसमा भारतीय जनताले पुऱ्याएको सहयोगको चर्चा गरेका छन् । सात सालको क्रान्त्रिकालदेखि विशेश्वर प्रसाद कोइरालाको प्रथम पुण्यतिथिसम्म लामो कालखण्ड समेटिएको यो किताबमा सीमावर्ती भारतीय शहरहरू रक्सौल, अररिया, फारविसगंज, पटना, पूर्णिया, देखि बनारस सम्मका असंख्य नाम जो इतिहासको धूलोमा छोपिन पुगेका थिए तिनको फेरि चर्चा गरेका छन् ।

यो पुस्तकले एक दस्तावेजको रूप ग्रहण गरेको छ । नेपालको लागि ज्यान दिने र दिन आतुर'सामान्य'भारतीयहरूको चर्चा भएको छ यसमा । नेपालका साहित्यकार राजेन्द्र विम(लद्वारा यसको नेपालीमा अनुदित 'रामहरखको नेपाल डायरी' हो ।

यो किताब सीमांचलमा 'क्रान्त्रि' सम्बन्धको ऐना हो । सीमांचल सम्बन्धको आधार 'रोटी-बेटी' मात्र छैन , क्रांन्त्रि पनि छ । जनसम्बन(धको नयाँ भाष्य दिन नेपालको हनुमाननगर (हाल सप्तरी) मा गिरफ्तार भारतीय स्वतन्त्रता सेनानीहरू डा. राममनोहर लोहिया, जयप्रकाश नारायणहरूलाई स्थानीय बासिन्दाहरूले मुक्त गराएपछि रोटी - बेटीको साइनो संगै 'क्रान्त्रि' गाँसियो ।

ती भारतीय जन सेनानीहरू आफ्नो मुलुकलाई औपनिवेशिक साङ्लो बाट मुक्त गर्न संघर्षरत थिए । त्यसपछिका प्रत्येक आन्दोलनमा सीम(ावर्ती भारतीय जनको सहयोग रहदै आएको छ । नेपालमा जो जसले जुन आन्दोलन विशेष(सँग विमती राख्छन, तिनीहरू भारतीय जनको स्वाभाविक सलंग्नताप्रति आक्षेप लगाउन पुग्छन् ।

नेपाल- भारत सम्बन्धमा उपमा र अलंकारको जुन प्रकारको प्रयोग हुन्छ त्यसमा सीमावर्ती क्षेत्रका बासिन्दाको सम्बन्धले निर्देशित गरिरहेको हुन्छ । उत्तराखण्ड, उत्तर प्रदेश, बिहार, पश्चिम बंगाल, सिक्किम यी नेपा(लसँग सीमा जोडिएका भारतीय प्रदेशहरू हुन् । यी प्रदेशका बासिन्दाहरूसँग ऐतिहासिक, सांस्कृतिक, धार्मिक, भाषिक ,पर्यावरणीय , आर्थिक आधारमा परम्परा देखि सम्बन्ध निम(ाण भएको हो ।यस्तो पनि होईन कि सम्बन्ध कुनै खास क्षेत्र वा समुदायसंग मात्र छ , यो त पूर्व देखि पश्चिमसम्म सीमावर्ती क्षेत्रका बासिन्दाहरू माझ अभिन्नता छ । मैथिलीमा राजेन्द्र विमलको काब्य पंक्ति छ 'राजनीति अछि चनकल ऐना तै देखाइए काटल रूप / राजनीति नहि संस्कृति जल मे अपना के पहि(चानी कि' आशय हो राजनीतिको चर्किएको शीशामा टुक्रिएको रूप देखिए पनि सांस्कृतिक रूपमा एकरूपता छ , जहाँ भिन्न गर्न गाह्रो छ ।

नेपाल- भारत सम्बन्ध बन्नु वा बिग्रनुमा काठमाण्डू र दिल्लीबाट लिइने नीति र नियत जिम्मेवार छ , सीमावर्ती जनताहरू होइनन् । समयको निकै घाम पानी खाएर पनि सीमांचल सम्बन्धका कतिपय संकथन स्थायी प्रकृतिका छन् । त्यस्तैमा हो रोटी -बेटी र क्रान्त्रिको सम्बन्ध ।

नेपाल भारतबीचको अन्तराष्ट्रिय सीमा(लाई दशगजा भनिन्छ । तर जनजिब्रोमा यो बोर्डर, सिवान, सरहद, ओहि पार- एहि पार, एहि पानी - ओहि पानी, सरहद, पाया जस्ता अनेकौ उपमाले चिनिने चिनाईने गरिन्छ । वारि - पारिको सम्बन्ध खुला सीमाले गर्दा जोडिएको होइन , यो नाता त रगतको छ । उही कोशी , उही कमला , उही काली र कर्णाल(ीको साइनो छ । यो साईनोको निरंतरता यस्तो छ कि शताब्दियौं पूर्व राजनीतिक सीमा रेखा कोरिए पनि सम्बन्धको सुवासमा कमि आएको छैन । यो यस्तो छिमेकीको सम्बन्ध हो जहाँ आंगनमै सीमा स्तम्भ ठडिएको छ । एकातिर मर्दा टांसिएकै अर्का छिमेकी मलामी जान्छ, अर्कातिर विहे हुंदा शहनाई बजाउन पारिबाट आउँछ । आगलागि होस वा चक्रवात त्यहाँ राहत लिएर पुग्न यता - उता तिरका बासिन्द(ालाई कुनै छेकवार छैन ।

कतिपय बेला राज्यभन्दा पहिला 'समाज' आईपुग्छ मलहम लिएर । सीमांचलको आफ्नै समाज जो छ ।दैनिक रोजगारी , किनमेल , औषधोपचार , वा सांस्कृतिक उत्सव मा सहभागी हुनेहरू असंख्य छन् र यसैलै सीम(ांचल सम्बन्धको स्वरूप निर्धारित गर्दछ । बोर्डर खुला छ , वारि - पारि गर्न भिसा-पासपोर्टको आवश्यकता पर्दैन । उत्तराखंडका साहित्यकार बुद्धिनाथ मिश्र भन्छन् 'दुइटैतिरका बासिन्दा यति सहज तरिकाले सीमा वारिपारि ओहोर दोहोर गरिरहेका हुन्छन, जसरी कुनै किसान खेतको आली नाघ्दै गरेको होस ।'

उत्तराखंडको धार्मिक - सांस्कृतिक पूर्णा(गिरीको यात्रा हाम्रै कंचनपुरको ब्रह्मदेवको दर्शन बिना पूर्ण हुदैन । यही फाल्गुनमा हुने मिथिला परिक्रमाको चक्र सीमापारिका केही स्थलहरू बिना पूर्णहुन सक्दैन । यस्ता अनेकौ मेला , यात्रा , अनुष्ठान एक अर्काका साझा पूरक हुन । दशगजा मै कतै कपर्दी त कतै क्रिकेट खेलिन्छ । यस्तो सीमा अन्यत्र छैन । सीमा भन्ने बितिकै तनाव यहाँ छैन । सीमा - सम्बन्धको अनुपम परिभाषा यहाँ रचिएको छ । हो नेपाल - भारत सीमा यस्तो हो जहाँ प्रत्येक दिन नयाँ रामायण लेखिन्छ । यस्तै साझापनको बोध गर्दै बिहारका कवि विभूति आनन्द लेख्छन 'हम नेपाल में छी / नेपाल हमरा में अछि/ हमर रक्त - मज्जा, हमर सांस- निसांस / हमर सोच- अपसोच / सभमे नेपाल, ओकरे खाद- पानि ।'

आशय हो मभित्र नेपाल छ , मेरो प्रत्येक सासमा नेपाल छ , मेरो चिन्तन धारामा नेपाल समाहित छ । कविको यस काब्य पंक्तिले एक अर्का बीचको पारस्परिक दिनचर्यालाई दर्शाउँछ। अर्का बिहारी कवि हरिन्द्र हिमकरको अभिव्यक्ति छ -' स्वर्ण, रजत, हीरा, मोती से चमक रहा है भाल / एक कोख के जुड़वे भाई , भारत और नेपाल /यहाँ लगे जो आग सहोदर पानी भर देता है /
उसका हो दुःख दर्द दौड़ यह पीड़ा हर लेता है/ झूम- झूम इसके मंगल में वह नर्तन करता है / उसके सुर में सुर भरकर यह संकीर्तन करता है / दोनों के सर दोनों का चन्दन है, अभिनंदन है / अंचलका यह भाव अनूठा, अमिट स्नेह बंधन है ।'

अन्तर्राष्ट्रीय राजनीतिमा राष्ट्र- राष्ट्र बीचको सम्बन्धमा राजनीतिक, आर्थिक, सामरिक, सामाजिक,सांस्कृतिक र कूटनीतिको प्रभाव पर्छ । दिल्ली र काठमाण्डूबीचको सम्बन्धमा सीमावर्ती क्षेत्रको प्रभाव घट्नु शक्ति क्षय कै सूचक हो । जतिखेर सीमावर्ती सम्बन्धलाई काठमाण्डूले आत्मसात गरिरह्यो दिल्ल(ीसँगको संवादमा राजनीतिक पक्ष प्राथमिक रह्यो तर जब त्यो इग्नोर हुन पुग्यो दिल्लीका कर्मचारी तन्त्र हाबि भए । सीमावर्ती - मा(नसलाई कुल्चिन खोज्नु वर्तमानमा नेपाली राजनीतिको नयाँ 'स्क्रिप्ट'
भएको छ । निश्चय नै नेपालमा भारतको सामरिक र आर्थिक स्वार्थ छ तर भारतीय स्वार्थ पूरागर्ने सीमावर्ती क्षेत्रका बासिन्द(ाहरू हुन् भन्ने कुरा नितान्त गलत हो । नेपाल भित्रको राजनीतिक हानथापमा बेला बखत यस्तो संकथनहरूलाई मलजल दिईन्छ जसमा सीमा क्षेत्रका बासिन्दाहरूको देशभक्ति माथि प्रश्न गरिएको हुन्छ । सीमाभन्दा टाढा रहेका बासिन्दाहरूमा राष्ट्रवादको मात्रा बढि छ भनेर अर्थ्याइन्छ । काठमाण्डू- दिल्लीमा मंचन भैरहने सांप सीढीको सत्ता खेलले बदलिएको परिस्थिति र फैलिदो केन्द्रीयतामा आफुलाई कसरी सान्दर्भिक बनाउने भनी गम्भीरता पूर्वक घोत्लिने काम शुरू भएकै परिणाम हो 'सीम(ांचल' अवधारणाको विस्तार ।आवश्यकता नै आविष्कारको जननी हो भने जस्तै सीमाका दुवै मुलुकका बासिन्दाहरूको सेवा , सुविधा , सम्मान र समुन्नतिका लागि 'सीमांचल' अवधारणा निर्माण गरिएको हो ।

सीमांचल भनेको त्यो क्षेत्र हो जो अन्तराष्ट्रिय सीमाले विभाजित रहे पनि जसको बर्तमान र भविष्य अविभाज्य छ । सोझो अर्थमा सीम(ावर्ती क्षेत्रका पारस्परिक आयामहरू जसले केन्द्र भन्दा पृथक अस्मिता राख्दछ । कतिपय सामाजिक, आर्थिक र सुरक्षा चुनौतीहरू समान छन् ।यस क्षेत्रमा दुवै मुलुकका जनसंख्या थेग्रिएको छ ।

अभाव, गरीबी, पछौटेपन, सामाजिक विसंगति, निर्वाहमुखि अर्थतंत्रको अभाव, बेरोजगारी, पलायन, भूस्खलन वा माटोको बालुवाकरण, जल संकट, रित्तिदै गरेका गाउं , विषादीको अत्यधिक प्रयोग जस्ता समस्या दुवै तिर छ । मूल्यान्तरको लाभ लिने एउटा संगठित समूह बाक्लिदैछ । बोर्डर इकोनोमि , बोर्डर टुरिज्म भन्दा सीमापार अपराधले बढि चर्चा पाउँदै गरेको छ । सीमांचलमा दुवै तप(र्फका प्रदेश सरकारहरू सामंजस्य गरि समाधा(नमुखी योजना बनाउने कुरा तत्कालमा सम्भव देखिएको छैन ।

छिमेकी बिहारमा रक्सि निषेध नीति छ , यता दशगजामा समानान्तरमा रक्सी - बजार फस(टायो , यता मधेश प्रदेशमा भूमिगत जलको सतह गहिरिदैं गएको छ उता बिहार सरकारले नल जल योजना ल्याएर निकै गहिरो बोरिंग गाड्ने योजना ल्याएको छ । एक आपसमा विरोधाभास युक्त यस्ता योजनाहरूले का(लान्तरमा दुवै तर्फका जनतालाई नोक्शानी पुर्याउँछ ।

कोरोनाकालमा महामारीको संक्रमण छल्न बोर्डर सील गरियो । त्यसै ताका कालापानी क्षेत्रमा भारतीय पक्षबाट सीमा अतिक्रमणको विषय उठ्यो , नेपालका सबै राजनीतिक शक्तिहरू ऐक्यबध्दता प्रदर्शन गरे । यहाँ उठा(उन खोजिएको विषय के हो भने विभिन्न निहुँमा सीमामा नागरिक ब्यवस्थापनको साटो सुरक्षा तन्त्र हाबि गरिदैछ । खुला सीमा भनिए पनि सहज आवागमन छैन ।

पछिल्ला बर्षहरूमा दिल्लीसँगको सम्बन्ध चिसिँदा कतिपय बेला दुवै तर्फका राज(नीतिक कर्मी र मिडियाको गतिविधिले संवाद प्रबर्धननको साटो बिष छर्किने काम गऱ्यो , जसले भूईतहका सम्बन्धमा खालिपन देखियो । उसो चाँडै नै जनस्तरको सम्बन्ध लयमा फ(र्कियो । यो नै सीमांचल सम्बन्धको सौन्दर्य हो । दिल्ली र काठमांडूले यो बुझ्नुपर्छ , बुझ्ने चेष्टा गर्नु पर्छ ।

उत्तराखंडका पत्रकार भूपेन सिंह, उत्तर प्रदेशका मनोज कुमार सिंह हुन वा सिक्किमका जोसेफ लेप्चा सबैले स्वीकार गर्छन , सीमांचल सम्बन(धका पारम्परिक आयामहरू संकुचित हुंदैछन् , सूत्रहरू चूडाँलिदै गएका छन् , यस्तोमा सूचना, सम्पर्क र संवादको सघन ब्यवस्थापन गर्न ढिलो गरिनु हुन्न । सीमामा खटिएका सुरक्षा संजाललाई अब फिर्ता बोलाउन दुवै मुलुकल(ाई गाह्रो छ , तर तिनलाई नागरिक मैत्री बनाउन सम्भव छ ।हाम्रो नीति निर्धारण प्रक्रियामा यो मनन् योग्य विषय हुनुपर्छ । अहिले त केही सीमित भंसार नाकाहरूमा लट्ठा (ढाठी)को छेकवार छ । नागरिक मैत्री बनाउन ढिलो हुंदै गयो भने एक अर्का मुलुकलाई लट्ठा पारको देश भनेर चिन्ने दिन आउँछ । त्यो भनेको सीमांचल सम्बन्धको समाप्ती हो ।

मत्योंश्का रूसको एक लोकप्रिय खिलौना हो । जसमा काठबाट बनाईएका क्रमश ठूलोबाट सानो हुंदै गरेको एउटै देखिने कैयौ खिलौना एक आपसमा गाँसिएका हुन्छन् । सीमांचल सम्बन्धको कैयौ आयाम छ 'मत्योंश्का' जस्तै, एउटा आयाम भित्र समेत अनेकौ आयामहरू आबध्द छन् । प्रत्येक आयामका आफ्नै सीमा र सामर्थ्य छन्, सुंदरता र रिक्तता छ , उज्यालो र अध्यांरो छ । इतिहासमा सबै कुरा लेखिएको छैन , लेखिने पनि छैन ।

लोकस्मृतिमा बाँचेको छ, बिर्सिदै - सम्झिदै कथ्यहरू हस्तांतरित हुंदै आएको छ । बा(ँसको हरेक हाँगों बाँसुरी बन्दैन, विगतका सबै पदचाप इतिहासमा अंकित हुंदैनन् । यस्तो पनि होइन नेपाल - भारत अर्न्तराष्ट्रिय सीमा छेउछाऊका बासिन्दाहरूको सम्बन्धबारे कहने कोशिश भएन , भयो तर उहि मत्योंश्काको जस्तै गुजुमुट्टिएका मूर्तिहरू मध्ये केही झि(कए, केही थन्किए ।

> *“ उत्तराखंडका पत्रकार भूपेन सिंह, उत्तर प्रदेशका मनोज कुमार सिंह हुन वा सिक्किमका जोसेफ लेप्चा सबैले स्वीकार गर्छन, सीमांचल सम्बन्धका पारम्परिक आयामहरू संकुचित हुंदैछन् , सूत्रहरू चूडाँलिदै गएका छन्, यस्तोमा सूचना, सम्पर्क र संवादको सघन ब्यवस्थापन गर्न ढिलो गरिनु हुन्न । सीमामा खटिएका सुरक्षा संजाललाई अब फिर्ता बोलाउन दुवै मुलुकलाई गाह्रो छ, तर तिनलाई नागरिक मैत्री बनाउन सम्भव छ । हाम्रो नीति निर्धारण प्रक्रियामा यो मनन् योग्य विषय हुनुपर्छ ।*

# माछामा आत्मनिर्भर बन्दै पूर्वी नवलपरासी

कावासोती, २३ पुस

माछापालनमा किसान आकर्षित हुँदै गएपछि पूर्वी नवलपरासी माछामा आत्मनिर्भर हुँदै जान लागेको छ।

जिल्लामा दुई हजार आठ सय ४५ रोपनी क्षेत्रफलमा रहेका एक हजार पाँच सय बढी साना ठूला पोखरीबाट यस वर्ष अघिल्लोभन्दा २५ प्रतिशत धेरै माछा उत्पादन हुने प्रक्षेपण गरिएको भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र पूर्वी नवलपरासीका मत्स्य विकास अधिकृत सन्दीप लामिछानेले जानकारी दिए। गत वर्ष नौ सय ३३ मेट्रिक टन माछा उत्पादन भएकोमा यस वर्ष २५ प्रतिशत बढेर करिब एक हजार एक सय मेट्रिक पुग्ने लामिछानेले बताए।

पूर्वी नवलपरासीमा विशेष गरेर रहु, नैनी, सिल्भर कार्प, ग्रासकार्पलगायत स्थानीय जातका माछा पालिँदै आएको छ। यस वर्ष प्रयोगशाला स्थापना, माछा पोखरीमै पुगेर प्यारामिटर परीक्षण गर्नेदेखि नयाँ पोखरी निर्माण गर्दा लागत साझेदारीको आधारमा रोपनीको हिसाबले अनुदान दिइएकाले पनि यो वर्ष उत्पादन बढने न्यौपाने बताउछन।

जिल्लाको दक्षिणी क्षेत्र चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रसँग जोडीएका धेरै भागमा व्यक्तिगत तथा सामूहिकरुपमा माछापालन गरिँदै आएको छ।



निकुञ्जबाट निस्किने गैँडा, बँदेल, हरिणलगायतका जङ्गली जनावर आएर खेती नष्ट गर्ने क्रम बढ्दै गएपछि खेती गर्न छाडेर किसान माछापालनतर्फ आकर्षित हुन थालेका छन्।

खेती गर्दा आफूले कहिल्यै पुरा बाली स्याहार्न नपाएको तर अहिले माछापालन सुरु गरेपछ आर्थिकपार्जोनसँगै जङ्गली जनावरले दुःख दिने झन्झटबाट मुक्त भएको कावासोती नगरपालिका-१३ का किसान लक्ष्मीप्रसाद न्यौपाने बताउछन। केही वर्षअघिसम्म भारतीय माछामा निर्भर रहेको जिल्लामा माछापालन गर्ने किसानको संख्या र उत्पादन बढेसँगै विस्तारै जिल्ला माछा उत्पादनमा आत्मनिर्भर हुँदै गएको हो।रासस

# शनिवारदेखि चरा गणना सुरु



भरतपुर, २३ पुस

नेपालमा शनिवारदेखि चरा गणना सुरु भएको छ। राष्ट्रिय निकुञ्ज विभागको नेतृत्वमा हिमालयन नेचरले सबै राष्ट्रिय निकुञ्ज, सिमसार क्षेत्र र जलाशयमा चरा गणना गर्न सुरु गरेको हो।

गणनामा तीन सय ५० जना चरा विज्ञ र संरक्षणकर्मीको सहभागिता रहेको चरा गणनाका राष्ट्रिय संयोजक डा हेमसागर बरालले जानकारी दिए।

उनका अनुसार तीन हप्ता चरा गणनाको काम हुनेछ। गणनाको क्षेत्र विस्तार हुँदै जाँदा पनि चराको संख्या बर्सेनि घट्दै जानु चिन्ताको विषय भएको उनले बताए। चराको गुणस्तर बासस्थानको अभाव, बासस्थान क्षेत्रमा भइरहेका विकास निर्माण, खेती बालीमा बढ्दो विषादीको प्रयोग र मानवीय क्रियाकलापले चराको सङ्ख्या बर्सेनि घट्दै गएको उहाँको भनाइ छ। हरेक क्षेत्रमा जस्तै जलवायु परिवर्तको प्रभाव पनि चराको बासस्थानमा परेको डा बरालले बताए।

चितवनमा भने भोलिदेखि चरा गणना सुरु हुने वर्ड एजुकेशन सोसाइटी सौराहाका पूर्वअध्यक्ष वासु बिडारीले जानकारी दिनुभयो। पूर्वी चितवनमा वर्ड एजुकेशन सोसाइटी सौराहाको नेतृत्वमा र पश्चिम चितवनमा वर्ड एजुकेशन सोसाइटी मेघौलीको नेतृत्वमा चरा गणना हुनेछ। पश्चिम सेक्टर अन्तर्गत लोथर पुलदेखि कसरा पुलसम्म चराको गणना हुनेछ।

जसमा चराको मुख्य बासस्थान रहेको ढुङ्गी खोला, बूढीराप्ती खोला, लामी ताल, तमोर ताल, बरुण ताल, बिसहजारी ताल र राइनो तालमा चराको गणना गरिनेछ। यस्तै चितवन राष्ट्रिय निकुञ्जको नवलपुर क्षेत्रमा छुट्टै समूहमार्फत चरा गणना गरिनेछ। नेपालमा पछिल्लो तथ्याङ्कअनुसार आठ सय ९२ प्रजातिका चरा छन्। जसमा दुई सय चरा पानीमा आश्रित छन्। चितवनमा मात्रै छ सय ५२ प्रजातिका चरा छन्। रासस

# दूधको उचित मूल्य नपाएको किसानको गुनासो

चितवन, २३ पुस

जिल्लामा रहेका दुग्ध उत्पादन गर्ने किसानले दूधको उचित मूल्य नपाएको गुनासो गरेका छन्। पशु आहारको मूल्य बढ्नु र दूधको मूल्य नबढ्नुले लागतअनुसारको मूल्य पाउन नसकेको उनीहरुको गुनासो छ।

भरतपुर महानगरपालिका-५ का इन्द्रमणि गैरे पशु आहारको मूल्य बढ्नु र दूधको मूल्य यथावत रहनुले समस्यामा परेको बताउछन। उनले भने, "पशु आहारको मूल्यवृद्धि भएअनुसार उत्पादित दूधको मूल्यसमेत बढाउन आवश्यक छ।" राज्यले किसानलाई स्वरोजगार बन्न भनेको भए पनि किसानले उत्पादन गरेको वस्तुको मूल्य उचित नपाउँदा समस्या भएको उनको भनाइ छ। पशु आहारका लागि दाना, चोक्कर, औषधिलगायतको मूल्यमा भएको वृद्धिको अनुपातमा दूधको मूल्य वढाउन पाउनुपर्ने उनले बताए।

भरतपुर महानगरपालिका-२४ जगतपुरका हरिप्रसाद अधिकारी अहिले दूधको मूल्यभन्दा उत्पादन मूल्य बढी भएको बताउछन। उनले भने "प्रतिलिटर दुध उत्पादनका लागि रु ७० पर्छ। हामीले दूध बेच्दा रु ५६ देखि ६० मा बेच्नुपरेको छ।" दूधको मूल्य नबढ्दा दुग्ध उत्पादक कृषक पलायन हुने अवस्थामा पुगेको उहाँ बताउछन। उनले भन्छन, "दुग्ध उत्पादक कृषकको समस्या समाधानका लागि राज्यले ठोस कदम चाल्नुपर्छ।" सरकारले किसानको समस्या समाधानका लागि पहल गर्नुपर्ने उनको भनाइ छ।

रत्ननगर नगरपालिका-१२ का कृषक किशोर वगालेले अहिले तत्कालको समस्या दूधको उचित मूल्य नपाउनु हो भन्छन। उनी भन्छन, "पशु आहारको मूल्यवृद्धि हुनु र दूधको मूल्य सधैँ एकैनास हुनुले समस्या



पर्‍यो।" किसानलाई कामदारको समस्या अझै ठूलो रुपमा रहेको छ। उनले थपे, "कामदार राख्यो छ महिना पनि टिकाउन कठिन हुन्छ। सजिलो काम भए पो कामदार लामो समय बस्छन्।" कामदार नपाउने समस्या भए पनि दूधको मूल्यमा वृद्धि नहुँदा अझै ठूलो समस्यामा कृषक परेको उनको गुनासो छ। उनी भन्छन, "लागत मूल्य उठाउन पनि कठिन छ।"

माडीका सूर्य भुसालको पीडा पनि उस्तै छ। दूधको लागत बढ्नु र तर मूल्य नबढ्नुले लागत मूल्य उठाउन पनि कठिन भएको छ। दूध उत्पादनका लागि पालिएका गाईभैँसीकै खाने कुरा र औषद्योपचारसमेत गर्न कठिन हुने गरी दूधमा घाटा बेहोर्नुपरेको उनले दुखेसो पोखे। अनुत्पादक पशुको निकासी गर्न नपाउँदा झन लागत मूल्य बढ्दै जाने र उत्पादित वस्तुको मूल्य कम हुनु दुःखद् भएको उनको भनाइ छ। तीन तहका सरकारले नै व्यावसायिक किसानको संरक्षण, सम्वर्द्धन र प्रोत्साहन गर्न आवश्यक रहेको उनी सुझाव दिन्छन। कृषक घाँसमा आधारित पशुपालन गरेर अघि बढ्नुपर्ने उनको सुझाव छ। दूध उत्पादन गरेर बिक्री गर्दा खरिदकर्ताले समयमा भुक्तानी नदीदा समेत कृषक पलायन हुने अवस्थामा पुगेको बताइएको छ। उनले भने, "दूध उत्पादन हुने समयमा समेत यस्तो समस्या बेहोर्नुपरेको छ। अन्य समयमा के होला।" दूधको मागअनुसार पूरा गर्न नसक्ने स्थिति आएमा देशको व्यापार घाट अझै बढेर जाने उनको तर्क छ।

राष्ट्रिय व्यावसायिक पशुपालन तथा दूध उत्पादक कृषक समाज नेपाल चितवनका अध्यक्ष विष्णु अधिकारी पशु आहारको मूल्यमा वृद्धि हुनु र दूधको मूल्य वृद्धि नहुनु मुख्य समस्याको रुपमा रहेको बताउछन। उनका अनुसार जिल्लामा व्यावसायिकरुपमा दूध उत्पादन गर्ने फार्म दुई सय ५० वटा रहेका छन्। दर्ता भएका पाँच सयमध्ये अन्य फार्म पेसाबाट पलायन भएको उनले बताए।

उत्पादित वस्तुको उचित मूल्य नहुँदा समस्या भएको भन्दै उहाँले अहिलेको समयमा दूधको मूल्य प्रतिलिटर रु १४ ले बढ्नुपर्ने बताए। उनले भने, "प्रतिलिटर रु १४ ले बढ्दा पनि दूध उत्पादक कृषकको लागत उठ्ने अवस्था छैन।" विदेश गएका युवा नेपालमा नै केही गर्छु भन्ने भवनाका साथ आएपनि उनीहरु समेत पछि व्यवसायबाट पलायन भएर विदेशिन बाध्य भएको उनले बताए।

जिल्लामा हाल चार हजार पाँच सय दूध उत्पादक कृषक रहेका छन्। दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुने गरेको चितवनमा यहाँको उत्पादनले कास्की, काठमाडौँ, मकवानपुरलगायतका जिल्लालाई समेत धान्ने गरेको छ। यहाँ उत्पादित दूधमध्ये ५५ प्रतिशत जिल्ला बाहिर जान्छ। ४५ प्रतिशत दूध जिल्लामा खपत हुन्छ। जिल्लाका १० सहकारी उत्पादन विविधिकरणमा गएर दूधका परिकार बनाई बिक्री वितरण गर्दै आएका छन्। राष्ट्रिय व्यावसायिक पशुपालन तथा दूध उत्पादक कृषक समाज नेपालका केन्द्रीय अध्यक्ष आनन्द न्यूरेले अहिलेको मूल्यमा रु १४ थप पाउने गरी वृद्धि गरिनुपर्ने बताए। डेरी उद्योग सङ्घले गरेको मूल्य वृद्धिलाई राज्यले मान्यता दिनुपर्ने उनको भनाइ छ। व्यवसायीले गरेको निर्णयले कानुनी मान्यता नपाउने भएकाले यसलाई नेपाल सरकार कृषि मन्त्रालयबाट लागू गर्नुपर्ने कृषकको माग रहेको छ। कृषि कर्जा भुक्तानी अवधि नयाँ तथा पुराना कर्जालाई घटीमा १५ वर्ष 'ओडी मोडल'मा पुनर्ताजगी गर्नुपर्ने, अनुत्पादक पशुको निकासीका लागि वैधानिक व्यवस्था गर्नुपर्ने, किसान परिचयपत्र अविलम्ब व्यवस्था गर्नुपर्नेजस्ता माग राज्यले सुनुवाइ गर्नुपर्ने उनको भनाइ छ।रासस

# तातोपानी नाका पूर्ववत् सञ्चालनमा ल्याउन आग्रह

सिन्धुपाल्चोक, २३ पुस

तातोपानी नाका पूर्ववत् अवस्थामा सञ्चालनमा ल्याउन नेकपा (एमाले) सिन्धुपाल्चोकले उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेललाई ध्यानाकर्षण पत्र बुझाएको छ। तातोपानी नाकालाई विश्वासयोग्य बनाई पूर्ववतरूपमा सञ्चालनमा ल्याउन चीन सरकारसँग छलफल, समझदारी र विश्वासको वातावरण बनाउन अर्थमन्त्री पौडेलसँग आग्रह गरिएको हो। चीनसँगको ऐतिहासिक नाका जोडिएको सिन्धुपाल्चोकको तातापानी नाका २०७२ सालको भूकम्पपछि पटकपटक बन्द हुँदै आएको छ।

शुक्रबार एमालेका स्थायी कमिटी सदस्य शेरबहादुर तामाङको नेतृत्वमा अर्थमन्त्रालय पुगेका पोलिटब्यूरो सदस्य अरुण नेपाल, एमाले केन्द्रीय सदस्य सरेस नेपाल, जिल्ला अध्यक्ष कमल नेपाललगायतले अर्थमन्त्रीलाई तातोपानी नाका खुलाउन आग्रह गरेका हुन।

उनीहरूले अरनिको राजमार्गको जुरे-कोदारी खण्डको सडक र पुल पुनःनिर्माणको आवश्यक अध्ययनसहितको बजेटसमेत माग गरेका छन। "पछिल्लो समय यस भन्सार नाकामा सुविधा सम्पन्न ड्राइपोर्टसमेतको पूर्वाधार उपलब्ध छ। प्रभावकारी ढङ्गबाट सुचारु हुन सकेको छैन", ध्यानाकर्षण पत्रमा उल्लेख छ,"भूकम्पले बन्द नाका र कोरोना महामारीको कारण थलिएको व्यापारिक क्षेत्रका व्यवसायीको आर्थिक पुनःभरणका विशेष कार्यक्रम अघि बढाइयोस्।" अर्थमन्त्रीले आफू यसमा सकारात्मक रहेको र पहल जारी रहने बताएको स्थायी कमिटी सदस्य शेरबहादुर तामाङले बताए



। विद्यालयहरुले स्रोत साधनको समस्या झेल्नुपर्दैन

सांसद माधव सापकोटाले स्रोत, साधन र जनशक्तिका कारण जिल्लाका विद्यालयले समस्या झेल्नु नपर्ने बताएका छन। शुक्रबार जिल्लाको जुगल गाउँपालिका-५ स्थित रत्नराज्य माध्यमिक विद्यालयले गाउँपालिकाभित्रको समग्र शैक्षिक सुधार एवं गुणस्तरीय शिक्षाका लागि आयोजना गरेको अन्तर्क्रियामा सांसद सापकोटाले विद्यालयलाई साधन स्रोतको अभाव हुन नदिने प्रतिबद्धता जनाए। उनले कार्यक्रम आयोजक रत्नराज्य माविलाई जुगल गाउँपालिकाको केन्द्रीय विद्यालयका रुपमा विकास गर्न प्रस्ताव गरे। "प्रविधि र व्यवस्थापन पक्षमा सुधार गरेर शिक्षामा गुणस्तर ल्याउन सकिन्छ", उनले भने। यसैबीच रत्नराज्य मावि चनौटे र काठमाडौंस्थित स्लिङ्टन कलेजबीच प्राविधिक र व्यवस्थापकीय सहकार्य गर्ने सहमति भएको छ।रासस

# "किराना पसल खोलेजसरी सहकारी खोल्दा व्यवस्थापनमा समस्या"

रुपन्देही, २३ पुस

सदस्य नियन्त्रितजस्तो लोकतान्त्रिक मर्म बोकेको सहकारी संस्था किराना पसल खोले जसरी खोल्ने संयन्त्रको विकासले समस्या आउने गरेको छ। सहकारीको मूल्य, मान्यता र सिद्धान्त पनि लोकतान्त्रिक छ तर यसको अभ्यास सही रुपमा नहुँदा धेरै सहकारीमा समस्या आउन थालेको हो। सहकारीका साधारणसभालगायत फोरममा सहकारीमा हुनुपर्ने लोकतान्त्रिक अभ्यास कमैमा मात्र देखिन्छ। यो अभ्यासको अभावमा सहकारीमा समस्या आएकामा यस क्षेत्रका विज्ञ सहमत छन्।

सहकारी व्यवस्थापन समितिको अध्यक्षसमेत रहनुभएका संविधानविद् काशीराज दाहाल किराना पसल खोलेजसरी सहकारी खोल्न नहुनेमा जोड दिन्छन। सहकारीको सिद्धान्त राम्रो भए पनि व्यवहारमा यसको सही अभ्यास नहुँदा भएको समस्यालाई समाधानका लागि त्यसैअनुरुप काम गर्नुपर्ने उनको भनाइ छ। सहकारी व्यवस्थापन समितिको कार्यालय काठमाडौँले शुक्रबारदेखि बुटवलमा आयोजना गरेको 'सुशासनको प्रवर्द्धनमा सहकारी संस्थाको सञ्चालन र व्यवस्थापन' विषयक प्रदेशस्तरीय दुई दिने कार्यशाला गोष्ठीमा 'संविधान, सङ्घीयता र सहकारी' विषयक कार्यपत्र प्रस्तुत गर्दै उनले किराना पसल खोले जसरी सहकारी खोल्न दिँदा समस्याग्रस्त हुने गरेकाले यसमा स्थानीय तहले विशेष ध्यान दिनुपर्ने बताए। "समस्याग्रस्त सहकारीलाई व्यवस्थापन गर्न समितिले सरकार र सहकारीकाबीच सेतुका रुपमा काम गर्छ, सहकारीलाई समस्याग्रस्त हुन नदिन जागरणका लागि सातै प्रदेशमा सहकारीमा सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय तह केन्द्रित कार्यक्रम गरेका हौं, सहकारीमा सुशासन भयो भने यो गरिबी निवारणको माध्यम बन्न सक्छ", केन्द्रीय सरकारअन्तर्गत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गतको समितिका अध्यक्ष रहेका दाहालले भने।स्थानीय तहमा सहकारी हेर्ने शाखा र कर्मचारीलाई 'डम्पिङ साइट' नबन्ने व्यवस्था मिलाउन पनि उनले प्रदेशको सहकारी मन्त्रालय र स्थानीय तहका जनप्रतिनिधिसँग आग्रह गरे। सहकारीमा अनुगमन र नियमन नहुँदा समस्याग्रस्त हुने क्रम बढेकाले नियमितरुपमा कार्यतालिका बनाएर स्थानीय तहले अनुगमनको व्यवस्था मिलाउनुपर्नेमा अध्यक्ष दाहालको जोड छ।कार्यशालामा 'प्रदेशमा सहकारीको अवस्था, नियमनमा मन्त्रालयको भूमिका' विषयक कार्यपत्र प्रस्तुत गदै लुम्बिनी प्रदेशको अर्थ तथा सहकारी मन्त्रालयका सचिव नेत्रप्रसाद सुवेदीले कानुन, सिद्धान्त र मर्मविपरीत चलेका सहकारी समस्यामा पर्ने गरेको बताए। त्यसलाई नियमन गर्नुपर्ने निकायले पनि अनुगमन नगर्ने गरेकाले समस्या अझ बढेको उनको भनाइ थियो। सहकारीलाई यसका सिद्धान्तअनुसार सदस्य नियन्त्रित प्रणालीमा राख्न सके धेरै समस्याको समाधान हुने भनाइ पनि उनको छ।प्रदेशमा सात सय ६८ सहकारी रहेका छन्। यीमध्ये सबै सहकारी सक्रिय छैनन्। लुम्बिनी प्रदेशका सहकारीमध्ये चार सय ४२ ले सहकारी र गरिबी व्यवस्थापन सूचना प्रणाली




(कोपोमिस) मा दर्ताका लागि पासवर्ड लिएका छन्। पासवर्ड लिएकामध्ये चार सय २४ कोपोमिसमा दर्ता भएको प्रदेश मन्त्रालयले जनाएको छ। प्रदेश सचिव सुवेदी सहकारीका राम्रा कामको बजारीकरण हुन नसक्दा पनि नराम्रो काम गर्ने सहकारीको बढी चर्चा भएकाले यसलाई चिर्नुपर्ने बताउछन। तीनै तहका सरकारबीच समन्वय गरी लुम्बिनी प्रदेशका सहकारीलाई सुशासनयुक्त बनाउन काम गर्ने उहाँको प्रतिबद्धता छ। सो अवसरमा बुटवल उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थीले 'पालिकास्तरमा सहकारीको अवस्था, नियमन र सुशासन' विषयक कार्यपत्र प्रस्तुत गदै संविधानमा सहकारीलाई तीनै तहको कार्यक्षेत्रमा राखिँदा काममा समस्या हुने गरेको अनुभव सुनाए। यस्तो व्यवस्थाले सहकारीलाई पेण्डुलम बनाउन खोजेजस्तो लाग्ने पनि उनको भनाइ थियो।

उपमहानगरपालिकामा एक सय ३६ सहकारी दर्ता रहेको उल्लेख गर्नुहुँदै पन्थीले त्यसमध्ये नौ वटा सहकारी निस्क्रिय रहेको जानकारी दिए। एक सय १२ सहकारी कोपोमिसमा दर्ता भइसकेका छन्। सञ्चालक र लेखा समितिका गरी ४९ प्रतिशतभन्दा बढीले ऋण लिने सहकारीलाई नगरपालिकाले १५ दिनभित्र त्यसको व्यवस्थापन गर्न पत्राचार गरेको जनाएको छ। कार्यक्रममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लिमिटेड (नेफ्स्कुन) का महासचिव दामोदर अधिकारीले 'वित्तीय सहकारीमा सुशासनका प्रयासहरु' विषयक कार्यपत्र प्रस्तुत गर्नुहुँदै वित्तीय सहकारी हेर्ने छुट्टै ऐनको आवश्यकता रहेको बताए। सहकारीका अध्यक्षले यसलाई व्यवसायका रुपमा सम्झँदा पनि समस्या आउने गरेको अनुभव कार्यक्रममा उनले सुनाए।

नेफ्स्कुनले २९ स्थानीय तहमा आधारशीला साझेदारी कार्यक्रम सुरु गरेको छ। यो कार्यक्रम सञ्चालन गर्न चाहने सबै स्थानीय तहमा विस्तार गरिने लक्ष्य रहेको जनाइएको छ। सहकारी स्थिरिकरण कोषको कार्यविधिमा अन्योलता रहेकाले त्यसलाई स्पष्ट पार्न पनि महासचिव अधिकारीले माग गरेका छन। कार्यक्रममा लुम्बिनी प्रदेशका नवलपरासी सुस्ता पश्चिम, रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी र अर्घाखाँची गरी छ जिल्लाका ३४ स्थानीय तहको सहभागिता रहेको समितिका सदस्य सचिव केशवप्रसाद पौडेलले बताउनुभयो। कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत र सहकारी शाखा हेर्ने प्रमुख एवं कर्मचारीको सहभागिता रहेको छ। कार्यक्रम आजसम्म सञ्चालन हुनेछ। दोस्रो दिन चार वटा कार्यपत्र प्रस्तुतिसहित त्यसमाथि छलफल हुने जनाइएको छ। रासस

# कार्यदलले शीर्ष नेतालाई बुझायो साझा कार्यक्रमको मस्यौदा

मधेशदृष्टि
काठमाडौँ, २३ पुस



सत्ता साझेदार दलकातर्फ कार्यदलले तयार पारेको न्यूनतम साझा कार्यक्रमको मस्यौदा सत्तारुढ दलका शीर्ष नेतालाई बुझाएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा शनिवार साँझ कार्यदलले मस्यौदा प्रतिवेदन बुझाएको हो । सरकारको काम कारबाहीलाई प्रभावकारी बनाउने विषयमा सत्ता साझेदार दलले यही पुस १४ गते कार्यदल बनाएको थियो ।

कार्यदलमा नेकपा (एमाले) उपाध्यक्षसमेत रहनुभएका उपप्रधान एवं अर्थमन्त्री पौडेलको संयोजकत्वमा नेकपा (माओवादी केन्द्र)का उपमहासचिव वर्षमान पुन, राष्ट्रिय स्वतन्त्र पार्टीका महामन्त्री मुकुल ढकाल र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट धवलशम्सेर राणा र जनता समाजवादी पार्टीका रकम चेम्जोङ सदस्य थिए। कार्यदलले प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', एमाले अध्यक्ष केपी शर्मा ओली, उपप्रधानमन्त्री एवं गृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, जनमत पार्टीका अध्यक्ष सिके राउत, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता चौधरी श्रेष्ठलगायतका शीर्षनेताहरूलाई आफ्नो प्रतिवेदन बुझाएको हो । प्रतिवेदनमा सरकार सञ्चालनलाई प्रभावकारीरूपमा सञ्चालन गर्न सरकारका प्राथमिकता निर्धारण गरिनुका साथै सामाजिक न्याय, सुशासन र समृद्धिका क्षेत्रका विविध विषयहरू समेटिएको कार्यदलका सदस्य वर्षमान पुनले जानकारी दिए । शीर्षनेताले सो मस्यौदा बुझेपछि त्यसलाई आवश्यक अध्ययन गरेर सार्वजनिक गर्ने र त्यसलाई कार्यान्वयन गरिने बताइएको छ ।

# प्रहरीको क्षमता र व्यावसायिकताका आधारमा सरुवा/बढुवा हुन्छ : गृहमन्त्री लामिछाने

काठमाडौँ २३ पुस



उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले प्रहरी कर्मचारीको सरुवा, बढुवालगायत कार्यहरू क्षमता, व्यावसायिकता, नैतिकता र ज्ञानमा आधारित हुने स्पष्ट पारेका छन ।

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोकको निरीक्षण भ्रमणपछि आज यहाँ आयोजित समारोहलाई सम्बोधन गर्दै गृहमन्त्री लामिछाने सेवामा रहँदा सरुवा र बढुवाको विषयले धेरैको मन अमिलो भएको हुनसक्ने उल्लेख गर्दै अब त्यस्तो नहुने पनि बताए ।

यसअघि नै गृहमन्त्री लामिछानेले प्रहरी कर्मचारीहरूलाई आफ्नो चाहना पूरा गर्न राजनीतिज्ञ तथा अन्य माथिल्लो निकायमा भनसुनका लागि गए कारबाही हुने स्पष्ट निर्देशन दिइसकेका छन ।

सो समारोहमा गृहमन्त्री लामिछानेले सङ्गठनमा रहँदा नजिक र पराइ तथा भित्र र बाहिर भन्ने प्रवृत्तिलाई हटाइ प्राप्त जिम्मेवारीलाई कुशलताका साथ निभाउन पनि आग्रह गरे । उनले विगतमा भएका कमजोरीलाई सुधार गर्दै प्रशासनिक एवं व्यवस्थापकीय पक्षमा शून्य कमजोरीका साथ कार्यसम्पादन गर्न निर्देशन दिए । तराईको चर्को गर्मीदेखि हिमालको ओलाङ्चुङगोला र छाङ्गरुको कठ्याङ्ग्रिंदो चिसोसँगै तैनाथ अधिकृत तथा जवानहरूको बसाइका लागि भौतिक पूर्वाधार कमजोर रहेको बताउनुहुँदै क्षमताले भ्याएसम्म पूर्वाधार विकासमा लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । गृहमन्त्री लामिछानेले भने , "अधिकतम गर्मी वा चिसो ठाउँमा खटिएर अनवरत सेवा गर्नु, खबरदारी र ड्युटी गर्नु देशप्रतिको सेवा र राष्ट्रभक्ति हो ।"

उनले मनमा जहिले पनि हामी थोरै छौँ तर पनि विशेष छौँ त्यसैले त 'बल' हो भन्ने कुरालाई हरेक कर्मचारीले हृदयमा राखी सोहीअनुसार कार्यसम्पादन गर्न पनि सुझाव दिए । गृहमन्त्री लामिछानेले सुरक्षा फौजसँग साधारण नेपालीले आँखा जुधाएर कुरा गर्न सकोस् तर कानुनविपरीत क्रियाकलाप गर्ने सधैँ डराओस् र कहिल्यै शीर नउठाओस् भन्ने चाहना व्यक्त गरे । समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी कर्मचारीहरूले पेशागत प्रशिक्षणद्वारा व्यावसायिक, नैतिक र चरित्रवान बनाइ राज्यप्रदत्त जिम्मेवारी प्रभावकारीरूपमा निर्वाह गर्दै आइरहेको बताए । उनले सशस्त्र प्रहरी नागरिकको सेवा, सुरक्षा, सहयोग र विपद्मा परेकाहरूको उद्धार तथा सिमानाको सुरक्षार्थ दरिलो खम्बा बनेर अहोरात्र परिचालित रहँदै आएको उल्लेख गरे ।

आन्तरिक प्रशासनलाई प्रणालीगत गर्दै निश्चित पद्धतिमा सङ्गठनलाई चल्ने अवस्था सिर्जनाका लागि पारदर्शिता र जवाफदेहितासहितको पूर्वानुमानयोग्य सरुवा, बढुवा, कमाण्ड, तालिम, युएन मिसन तथा कल्याणकारी कार्यक्रम एवं विभिन्न अवसरहरूलाई न्यायसङ्गत वितरणको प्रक्रिया थालनी गरिएको पनि उनले जानकारी दिए ।

महानिरीक्षक अर्यालले सङ्ठनमा सुरुआत गरिएका नीतिगत, संस्थागत एवं संरचनागत सुधारका योजनाहरू गृहमन्त्रीसमक्ष प्रस्तुत गरेका थिए । उनले सशस्त्र प्रहरी निरीक्षकमा भर्ना भई १६ वर्षसम्म बढुवा हुन नसकेको र १९ वर्ष सेवाअवधि पुग्दासमेत सशस्त्र प्रहरी नायब उपरीक्षक पदमा नै रहनुपर्ने तथा जवान पदमा भर्ना भइ १३ वर्षसम्म एक तह पनि बढुवा हुन नसकेको अवस्था रहेको जानकारी पनि गराए । उनले वृत्तिविकासका साथै जुनियर अधिकृतको १८ वर्ष, जवानको १६ वर्ष पेन्सन अवधि निर्धारण गर्ने योजना कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

सो क्रममा गृहमन्त्री लामिछानेले सशस्त्र प्रहरीको केन्द्रीय आदेशकक्ष, अनुगम सेल, केन्द्रीय सङ्ग्राहलय, विपद् व्यवस्थापनमा सशस्त्र प्रहरी बल नेपालले प्रयोगमा ल्याएको विविध सामग्री अवलोकन तथा गोताखोर टोलीसँग उद्धारका विषयमा जानकारी लिएका थिए ।

## सत्ता बार्गेनिङ्गका लागि ..............................

सभामुख सरोजकुमार यादव र उपनेता रामआशिष यादव मात्र आफ्नो दाबी प्रस्तुत गर्दै आएका थिए । तर चयन प्रक्रिया अल्झाएर अध्यक्षीय जिम्मेवारी दिन रणनीति तहत शुक्रवार संसदीय बैठकमा दलका नेताका ९/९ जना उम्मेदवार बनाइयो ।

यता लोसपा पनि सत्तामा जाने पखाईमा अहिलेसम्म दलको नेता चयन गर्न सकेको छैन। सत्ता गठबन्धनले संघीय र प्रदेश सरकारमा सहभागिता गराउने सक्ने आशमा बसेका छन्। २६ गतेअघि दलीय नेता चयन गरियो भने असन्तुष्टहरु सांसदहरुले गर्दा पार्टी भित्र विचलन आउन सक्ने डरले लोसपाले पनि चयन गर्न गरेको छैन। चुनावको नतिजा आइसकेपछि शुक्रबार पहिलोपटक बसेको बैठकमा संसदीय दलको विधान परिमार्जन गर्ने सहमति जुटे पनि दलको नेता चयन गर्ने विषय नै प्रवेश गरेन ।

श्रोतका अनुसार लोसपा पनि २६ गतेकै पर्खाईमा छ । यदि सत्ता गठबन्धनले सरकारमा सहभागी गराए विश्वासको मत दिने नभए कांग्रेस गठबन्धनमै बस्ने मनस्थितिमा छन्। संसदीय दलका नेता रहेका जितेन्द्र सोनल लोसपाबाट प्रमुख दाबेदार ठानिएका छन्। यस्तै अभिराम शर्मा र उपेन्द्र महतोले पनि दलका नेताका लागि दाबी पेस गरेका छन्। मधेस प्रदेससभामा सबभन्दा ठूलो दल नेकपा एमालेको २३, कांग्रेसको २२, जसपाका १६, जनमतको १३, लोसपाको ९ र माओवादी तथा नेकपा (एस) को ७/७ सांसद छन् । नेकपा (एस) सत्तामै सहभागिताका लागि २६ गतेको पर्खाईमा छन भने नेकपा एमालेले संघीय सत्ता समीकरणका लागि मधेश प्रदेशमा सरकार नबनाउने सोचमा छन्। यता कांग्रेसले पनि प्रदेशमा चलखेल गर्न मुख्यमन्त्री पद छाडेर जसपा र जनमतलाई अफर गरिरहेका छन् । जसपा वा जनमत जुन आएपनि स्वतन्त्र र एक/एक मत ल्याएका दलहरुलाई सरकार बनाउने रणनीति अघि बढाएका छन्।

# महोत्तरीका सबै क्रसर उद्योग मापदण्डविपरीत

महोत्तरी, २३ पुस

दर्ता नभएका वा नवीकरण नगरिएका क्रसर र बालु प्रशोधनका नाममा रहेका उद्योग बन्द गर्न निर्देशन दिएलगत्तै गरिएको अध्ययनले सबैजसो क्रसर उद्योग कानुनविपरीत सञ्चालन भएको पाइएको छ। महोत्तरीका त्यस्ता उद्योग वैधानिक नरहेको प्रतिवेदन देखाएको हो। गत बुधबार गृह मन्त्रालयले सबै जिल्लाका जिल्ला प्रशासन कार्यालयलाई नियमविपरीत सञ्चालित उद्योग तत्काल बन्द गर्न निर्देशन दिएलगत्तै महोत्तरीमा 'नदीजन्य तथा खानीजन्य पदार्थसम्बन्धी जिल्ला अनुगमन तथा समन्वय समिति महोत्तरीले पेस गरेको अनुगमन प्रतिवेदन-२०७९' ले जिल्लामा नियमसङ्गत क्रसर उद्योग नरहेको जनाएको हो । जिल्ला समन्वय समितिका प्रमुख अध्यक्ष र जिल्लाका प्रमुख प्रशासक (प्रमुख जिल्ला अधिकारी) र नेपाल प्रहरीका जिल्लास्थित प्रमुखसहितका अधिकारी सदस्य रहने समितिले यस्तो प्रतिवेदन दिएको हो ।

समितिले सार्वजनिक गरेको प्रतिवेदनमा महोत्तरीमा वैधानिक मापदण्ड सबै पूरा गरेका एउटा पनि उद्योग नपाइएको उल्लेख छ। जिल्लामा वनपाखा, नदी र नदी उकास क्षेत्रमा हुने उत्खनन बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिका क्षेत्रमा क्रसर र बालु प्रशोधन उद्योगका नाममा सञ्चालित हुँदै आएका छन्। "हामीले यसै पुसको ७, १० र १३ गते जिल्लाका यी तीन नगर क्षेत्रमा सञ्चालित क्रसर र बालु प्रशोधन उद्योगको अनुगमन गर्‍यौँ", जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनकुमार लाल कर्णले भने , "कुनै उद्योगले पनि वैधानिकताका कागजात देखाउन सकेनन् ।" जिल्ला समन्वय समिति, जिल्लास्थित मुख्य प्रशासनिक र सुरक्षा निकाय एवं सम्बन्धित स्थानीय तह (उद्योग सञ्चालित नगरपालिकाहरू)बीच समन्वय हुन नसक्दा उत्खननको बेथिति बढेको कर्णको भनाइ छ। जिल्लाका तीन नगर क्षेत्रमा ५० भन्दा बढी यस्ता उद्योग रहेका कर्णले बताए।

बर्दिबास, गौशाला र भङ्गाहा नगर क्षेत्रका नदी र नदीउकास जग्गामा निर्माणकार्यमा प्रयोग हुने गुणस्तरीय बालु, ढुङ्गा र गिट्टी पाइने हुँदा जिल्लाभित्र यिनै तीन नगर क्षेत्रमा यस्ता उद्योग सञ्चालन हुँदै आएका छन्। सबै नदी जिल्लाको सुदूर दक्षिणी भेग हुँदै भारत पुगे पनि पूर्वपश्चिम राजमार्गबाट १२-१३ किलोमिटर तल पुगेपछि नदीमा ढुङ्गा नहुने र बालुमा माटो धेरै मिसिएको भएपछि यहाँका अन्य ११ स्थानीय तहमा यस्ता उद्योगको उपादेयता छैन । औरही नगरपालिकामा नदीका केही भेगमा भने गुणस्तरीय बालु भटाइने हुँदा यहाँ एकाध ठाउँ उत्खनन हुँदै आएको देखिन्छ।

क्रसर उद्यमीले वनपाखा, ढिस्का, नदी र नदी उकास जग्गामा जथाभावी उत्खनन गरेर यी ठाउँको प्राकृतिक स्वरुप बिगारेका मात्र होइन, विकास पूर्वाधार (बाँध, छड्की, पुल, सार्वजनिक चौर र वृक्षरोपण क्षेत्र)हरू मासिने र जोखिममा पर्दै आएका गुनासो पहिलेदेखि नै छ। कुनै मापदण्ड नमानी जथाभावी उत्खनन गरिँदा बनेका अजङ अजङ्का खाल्डाले यहाँको भूगोल कुरुपमात्र बनाएको होइन, बर्सेनि खाल्डामा जमेको पानीमा डुबेर मानवीय क्षति पनि हुँदै आएको बर्दिबास-९ पशुपतिनगरका सामाजिक अभियानी युवा अमृतकुमार महतो बताउछन । राजमार्ग, पुल, बस्ती, विद्यालय, वन, चरन क्षेत्र र अन्य सार्वजनिक महत्वका ठाउँबाट कमसेकम एक किलोमिटर दूरीभित्र यस्ता उद्योग सञ्चालन गर्न नहुने, वैधानिक स्वीकृति लिएका उद्योगले तोकिएको नदी बहाव क्षेत्रमा तीन फिटभन्दा गहिरो खाल्डा बनाउन नहुने र उत्खनन कार्यमा ठुल्ठूला यान्त्रिक उपकरण प्रयोग गर्न नपाइने नियमको उद्योगीले खिल्ली उडाएका गुनासो सर्वत्र छ। "क्रसर उद्योगीको मनपरीविरुद्ध बोल्न पनि डरमर्दो छ, यहाँ कहाँ कतिखेर कसलाई तारो बनाउने हुन् भन्न सकिन्न", बर्दिबास-६ रातु नदी किनारमा बनेको बाँधको जगमै खोस्रदा बाँध भत्किएको देखाउँदै मनहरिपुर बस्तीका एक युवाले भने ,"यहाँ बोलिसक्नु छैन।"

पूर्वपश्चिम राजमार्गको रातु पुल नजिकै उत्खनन गरिँदा पाँच वर्ष पहिले भासिएको पुल अझै छँदैछ । त्यहाँ अर्को पुल बने पनि पुल छेउमै सञ्चालित क्रसर नियमन गर्न भने कसैले तत्परता नदेखाउँदा नयाँ पुल पनि चाँडै भासिन सक्ने त्रास बढेको सर्वसाधारण बताउँछन् ।

नदीजन्य पदार्थको उत्खनन नियमन गर्ने मुख्य जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने र यसको अनुगमन जिल्ला समन्वय समितिको नेतृत्वबाट हुने व्यवस्था भए पनि यी निकायबीच समन्वय र नियमन गर्ने इच्छाशक्ति नहुँदा समस्या बढेको बर्दिबास-१४ का बासिन्दा सामाजिक कार्यकर्ता हरि दाहाल बताउछन ।

अहिले पछिल्लोपटक गृह मन्त्रालयले कानुनविपरीतका यस्ता उद्योग तत्काल बन्द गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई निर्देशन गरे पनि स्वयं प्रमुख जिल्ला अधिकारी सदस्य रहेको अनुगमन समितिले जारी गरेको प्रतिवेदनले निरीहता देखाएको टिप्पणी गर्ने पनि भेटिएका छन् । "नियम, कानुन नाघ्न नदिन सरकारी संयन्त्र छन्, जिल्लामा प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालय झट्ट देखिने यस्ता निकाय हुन", भङ्गाहा-४ का बासिन्दा राजनीतिक-सामाजिक कार्यकर्ता मुकुन्द दाहाल भन्नुहुन्छ,"अधिकार क्षेत्रमा खै केही समस्या भएर हो कि ? अहिले क्रसर उद्योग नियमनको कुरामा जिल्लाका सिडियो साब, एसपीसाब नै सदस्य रहनुभएको अनुगमन समितिको प्रतिवेदन निरीहजस्तो लाग्छ", दाहाल अगाडि भन्छन, "अब यो प्रतिवेदन कार्यान्वयनचाहिँ कसले गर्ने ?"

अनुगमन समितिले प्रतिवेदन जिल्ला समन्वय समितिको कार्यालयमा बुझाएको र यसबारे सम्बन्धित स्थानीय तहहरूलाई जानकारी गराइएको बताइएको छ ।"प्रतिवेदन जिल्ला समन्वय समितिले सम्बन्धित स्थानीय तहहरूलाई पठाएको छ, जिल्ला समन्वय समितिका प्रमुख कर्ण भन्छन, "नियमनको मुख्य भूमिका सम्बन्धित स्थानीय तहले नै देखाउनपर्ने हुन्छ ।" खासमा ढुङ्गा, गिट्टी, बालु, उत्खनन, बिक्री-वितरणसम्बन्धी कार्यविधि-२०७९ को अनुसूची-३ बमोजिमका चेकलिष्ट, मौज्दात विवरण र स्रोत पहिचान स्पष्ट गरिएका विवरण सबै उद्योगले देखाउनपर्नेमा त्यस्तो कतै नपाइएको कर्णको भनाइ छ । मुख्यपक्ष स्रोत स्पष्ट हुनबित्तिकै अवैध उत्खनन नियन्त्रण गर्न सजिलो हुने कर्णको विश्वास छ । "हामीले अनुगमनमा देखेका कुरा औँल्याएर प्रतिवेदन बनाएका छौँ, प्रतिवेदन सम्बन्धित स्थानीय तहलाई दिएका छौँ, अब सम्बन्धित स्थानीय तहले नियमनको तत्परता देखाउन पर्छ", कर्णले भने ।



यता स्थानीय तहहरूले भने उत्खनन भएका ठाउँका खाल्डा पुराना भएका जनाएका छन् । "हामी निर्वाचित भएर आएयता कानुनविपरीत उत्खनन गर्न दिइएको छैन, देखिने खाल्डा पुराना हुन", बर्दिबास नगरपालिकाका प्रमुख प्रल्हाद क्षेत्री भन्छन, "यसपालि उत्खनन गरिँदा मापदण्डको पालना गरिएको छ, गरिने छ ।" क्रसर उद्योगहरूको सञ्चालन नियमन कानुनअनुसार सम्बन्धित निकायको समन्वयमा गरिने क्षेत्रीले स्पष्ट पारे । अनुगमन समितिले अनुगमनका क्रममा आफूहरूलाई नखोजेको क्षेत्रीको गुनासो पनि छ । "कतिपय त कानुनी प्रक्रिया पूरा गर्न बाँकी पनि होलान्, तर समितिले प्रतिवेदनमा औँल्याएजस्तो सबै अवैध छैनन", नगरप्रमुख क्षेत्री भन्छन, "कर कार्यालय र सरकारी निकायहरूबाटै धेरैजसो उद्योग नवीकृत र स्वीकृतिप्राप्त छन्, अनुगमनमा स्थानीय तहको प्रतिनिधित्व नखोजिदा कतिपय कुरा अड्कलमा आएजस्तो देखिन्छ ।" आफू निर्वाचित भएर आएदेखि मापदण्ड नाघेर उत्खनन गर्न नदिइएको क्षेत्रीको दाबी छ । त्यसैगरी गौशाला र भङ्गाहा नगरपालिकाले पनि पछिल्लो जारी आर्थिक वर्षभित्र मापदण्डविपरीत उत्खनन नभएको जनाएका छन्। स्थानीय तहहरुले मापदण्डविपरीत उत्खनन नगरिएको दाबी गरे पनि यहाँका सर्वसाधारण भने यो क्रम नरोकिएको बताउँछन् । "नगरपालिकाका प्रतिनिधिहरू भन्न त उत्खनन रोकेका छौँ भन्छन होला, तर यो क्रम रोकिएको छैन, यसको ज्वलन्त प्रमाण त रातु, मरहा, जङ्घा, बाँके र यहाँका अन्य नदी तटमा अहिलेका ताजा खाल्डाले दिइरहेका छन", बर्दिबास-६ का राजकुमार सिंह भन्छन ।

जिल्लामा पछिल्ला केही वर्षयता बढेका बाढी, पहिरो, डुबान तथा कटानका समस्या वन क्षेत्रका पाखा, ढिस्का र नदी क्षेत्रको अनियन्त्रित उत्खननसँग जोडिएको विज्ञहरूको ठहर छ । "भू-स्खलन, बाढी/पहिरो र डुबान/कटानजस्ता विपत्ति प्राकृतिक सम्पदामाथिको अनियन्त्रित दोहनले बढाएको हो", भङ्गाहा-७ का बासिन्दा चुरेविज्ञ डा विजयकुमार सिंह भन्छन, "प्राकृतिक सम्पदामाथिको अनियन्त्रित दोहन नियन्त्रण नगरिए अझ थप विपत्ति भोग्ने दिन आउन सक्छ।"

सरकारले कानुनविपरीत ढुङ्गा, गिट्टी तथा बालु उत्खनन तथा दोहनलाई नियमन गर्न, वातावरण संरक्षण ऐन, २०७६ को पालना र यस सम्बन्धमा अदालतबाट भएको आदेश कार्यान्वयन गर्न आवश्यक देखिएको बताउँदै हालै गृह मन्त्रालयबाट सबै प्रदेशका गृह मन्त्रालयलाई परिपत्र जारी गरेसँगै यससम्बन्धी बहस बढेका छन् । परिपत्रमा विभिन्न आयोजना, विकास तथा निर्माणका क्रममा सोही आयोजनाका लागि आवश्यक परिमाणमा नदीजन्य पदार्थको उत्खननको अनुमतिप्राप्त उद्योगी/निर्माण व्यवसायीले आयोजना समाप्त भएपश्चात पनि त्यस्तो उत्खनन कार्य गरिरहेको भए सोसमेत छानबिन गरी तत्काल बन्द गर्न उल्लेख छ । यसैबीच जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयबाट प्राप्त परिपत्रअनुसार यस्ता उद्योगको नियमन गरिने जनाएको छ । सम्बद्ध सबै पक्षको समन्वयबाट यो काम अघि बढाइने जिल्लाका प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडीको भनाइ छ। रासस





जनवरी ६, २०२३ मा लिइएको यो तस्बिरले प्रजातान्त्रिक गणतन्त्र कङ्गोको पूर्वमा कंगोली सेना र M23 विद्रोहीहरू बीचको झडप पछि रुगारीमा नष्ट भएको सैन्य गाडी देखाउँदछ।

# नेपाल टी–२० : फारवेस्टले पोखरालाई हराउँदा काठमाडौं प्ले अफमा

२३ पुस, काठमाडौं
काठमाडौं नाइट्स नेपाल टी–२० को प्ले अफमा पुग्ने अन्तिम टोली बनेको छ। शनिबार भएको समूह चरणको अन्तिम खेलमा फारवेस्ट युनाइटेडले पोखरा एभेन्जर्सलाई ४१ रनले हराउँदा काठमाडौंलाई फाइदा भएको हो।

शनिबार भएको आफ्नो खेलमा काठमाडौं, विराटनगर सुपर किङ्ससँग ७ विकेटले पराजित भएको थियो। जितसँगै विराटनगरले प्ले अफमा स्थान बनाउँदा काठमाडौंले भने फारवेस्ट र पोखराको खेलको नजिता कुर्नुपर्ने भयो।

६ अंकमा रहेको पोखराले राम्रो रनरेटका आधारमा फारवेस्टलाई हराएको भए मात्र प्लेअफ खेल्ने सम्भावना रहेको थियो। तर पोखरा पराजित भएसँगै काठमाडौं ८ अंकको साथमा प्लेअफ पुगेको छ र विराटनगरसँग फेरि खेल पक्का गरेको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा १८७ रनको लक्ष्य पछ्याएको पोखरा १८.१ ओभरमा १४६ रनमा अलआउट भयो। उसका लागि कप्तान उपुल थरङ्गाले सर्वाधिक ३६ रन बनाए।

प्रतिश जिसीले ११ बलमा ५ छक्का प्रहार गर्दै ३४ रन जोडे। सिद्धान्त लोहनीले २५ बलमा १ चौका र ३ छक्का सहित २८ रन जोडे भने सुमित महर्जन १४ रनमा क्याच आउट भए। विशाल विक्रम केसी १३ रनमा स्टम्पिङ भए।पोखरालाई सस्तैमा समेट्ने क्रममा फारवेस्टका दुर्गेश गुप्ताले सर्वाधिक ३ विकेट लिए भने हस्मतुल्लाह शहिदी र प्रकाश जैशीले समान २–२ विकेट आफ्नो नाममा लेखाए।

यसअघि टस जितेर ब्याटिङ थालेको फारवेस्टले कप्तान हर्शमतुल्लाह शाहिदी र विनोद भण्डारीको शतकीय साझेदारीको मद्दतमा निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १८७ रन बनाएको थियो।उसका ओपनरद्वयले पहिलो विकेटका लागि १३४ रनको साझेदारी गरेका हुन्। ५१ बलमा ६ चौका र २ छक्कासहित ६७ रन बनाएका शाहिदी १४औं ओभरको अन्तिम बलमा रनआउट भए।




विनोद भण्डारी भने १८.४ ओभरमा प्रतिश जिसीको बलमा क्याचआउट भएका थिए। ४७ बलको सामना गरेका उनले ६ चौका र २ छक्कासहित ५९ रन योगदान गरे।रासिद खानले १४ र मिलान्दा सिरिवार्दनाले १२ रन बनाउँदा करण केसी ११ रनमा अविजित रहे।

पोखराको बलिङमा अभिमन्यू मिथुनले ४ ओभरमा ३२ रन खर्चिएर दुई विकेट लिए। प्रतिस जिसीले तीन ओभरमा ३१ रन खर्चिएर एक विकेट लिए।

जितका बाबजुद फारवेस्टले प्ले अफमा स्थान बनाउन सकेन, तर पोखरालाई पनि रोक्यो। ६ अंक जोडेको फारवेस्ट पाँचौं स्थानमा रह्यो भने समान खेल जितेको पोखरा रन रेटका आधारमा पछाडि पर्दै पुछारमा रहँदै प्रतियोगिता सकायो।

प्रतियोगितामा आइतबार समूह चरणमा शीर्ष स्थानमा रहन सफल लुम्बिनी अलस्टार्सले दोस्रो स्थानको जनकपुर रोयल्सले क्वालिफायर्स खेल्ने छ भने विराटनगर काठमाडौंको एलिमिनेटर खेल सोमबार हुनेछ।

| टिमको नाम | जम्मा खेल | जित | हार | अंक |
|---|---|---|---|---|
| लुम्बिनी अलस्टार्स | १० | ८ | २ | १६ |
| जनकपुर रोयल्स | १० | ७ | ३ | १४ |
| विराटनगर सुपर किङ्स | १० | ५ | ५ | १० |
| काठमाडौं नाइट्स | १० | ४ | ६ | ८ |
| फारवेष्ट युनाइटेड | १० | ३ | ७ | ६ |
| पोखरा एभेन्जर्स | १० | ३ | ७ | ६ |

# म्यान्मारको जेलमा भएको झडपमा कैदीको मृत्यु, दर्जनौं घाइते

याङ्गुन, २३ पुस
म्यानमारको राजधानी याङ्गुनदेखि पश्चिममा रहेको एक कारागारमा भएको झडपमा परी एक कैदीको मृत्यु हुनुका साथै ६० जनाभन्दा बढी घाइते भएका छन्।

म्यान्मामा सन् २०२१ को फेब्रुअरीमा आङ सान सुकीको नागरिक सरकार अपदस्थ भएपछि म्यानमारमा अराजकता छाएको छ।

पाथेइनस्थित कारागारमा बिहीबार राति सुरक्षाकर्मीले एक कैदीको मोबाइल फोन जफत गरी अनुशासनको कारबाही गरेपछि दङ्गा सुरु भएको सैनिक सरकारले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।करिब ७० जना कैदीहरू शुक्रबार बिहान आफ्नो कोठाबाट निस्केर जेलको सम्पत्तिमा क्षति पुऱ्याएका थिए।

कैदीहरूले लाठी, इँटा र सिमेन्टका टुक्राहरू प्रयोग गरेर सुरक्षा बलहरूमाथि आक्रमण गरेको सैनिक सरकार (जुन्ता)



ले जनाएको छ।

स्थितिलाई नियन्त्रणमा लिने प्रयास भए पनि वार्ता असफल भयो र सुरूक्षाकर्मीले बल प्रयोग गरेको अधिकारीहरूले जनाएका छन्। "भीडलाई तितरबितर पार्न र दङ्गा नियन्त्रणमा लिन अधिकारीहरूले गोली चलाउनु परेको थियो," विज्ञप्तिमा भनिएको छ।

युद्धका क्रममा एक कैदीको मृत्यु भएको र दुई प्रहरी र नौ सुरक्षाकर्मीसहित ६३ जना घाइते भएको जुन्ता प्रशासनले जनाएको छ।स्थानीय सञ्चारमाध्यमले मृतक कैदीलाई राजनीतिक बन्दीको संज्ञा दिएका छन् भने बीबीसी बर्मेली सेवाले उहाँलाई आतङ्क फैलाएको आरोपमा पक्राउ गरिएको जनाएको छ।

जुन्ताले घटनाको अनुसन्धान सुरु गर्ने घोषणा गरेको छ। गत साता बेलायतबाट म्यानमार स्वतन्त्र भएको ७५ औँ वर्षगाँठको उपलक्ष्यमा जुन्ता सरकारले सात हजारभन्दा बढी कैदीलाई रिहा गर्ने घोषणा गरेको थियो।

सेनाले सत्ता कब्जा गरेयता दुई हजार ७०० भन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ भने असहमतिमाथि दमन गर्ने क्रममा १३ हजारभन्दा बढीलाई हिरासतमा लिइएको स्थानीय मानव अनुगमन समूहले जनाएको छ।

गत वर्षको जुलाईमा सरकारले पूर्व सांसद फियो जेया थाउ र प्रजातन्त्रवादी कार्यकर्ता क्याव मिन युसहित चार जना कैदीलाई मृत्युदण्ड दिएको थियो।

करिब ३० वर्षमा म्यान्मा राज्यद्वारा मृत्युदण्डको यो पहिलो प्रयोग थियो र यसको विश्वव्यापी निन्दा भएको थियो। ह्युमन राइट्स वाचका अनुसार म्यान्मारका जेलहरू कठोर परिस्थिति र यातनाको कथित प्रयोगका लागि कुख्यात छन्। (रासस/सिन्ह्वा)

# मलेसियालाई पाकिस्तानी पत्रकारको निर्वासनबारे सोधपुछ



कराची, २३ पुस
मिडिया वाचडग, रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ) ले मलेसियाका अधिकारीहरूलाई मलेसियामा वर्षौंदेखि शरणार्थीको रूपमा बस्दै आएका पाकिस्तानी पत्रकारलाई देश निकाला गरेको विषयमा स्पष्टीकरण दिन आग्रह गरेको छ।

आरएसएफले पाकिस्तान सरकारलाई पत्रकार अहिले कहाँ र कुन अवस्थामा छन् ? सार्वजनिक गर्न आग्रह गरेको छ। पत्रकारको अपहरण भएको र यातना दिएको विषय केही गुप्तचर संस्थाले हालै सार्वजनिक गरेका छन्। सो विषय मलेसियाका गृहमन्त्रीले स्वीकार गरेका गरेको पनि दाबी गरिएको छ।

पत्रकार सैयद फवाद अली शाह जसलाई फवाद शाहका नामले चिनिन्छ उनी गत अगस्ट २३ देखि मलेसियामा बेपत्ता भएका थिए। यद्यपि मलेसियाली अधिकारीहरूले शाह पाकिस्तानी प्रहरी भएको र पाकिस्तान निर्वासित गरेको बताएका छन्।

आरएसएफले विज्ञप्ति जारी गर्दै मलेसियाली अधिकारीहरूको सो दावीलाई खण्डन गर्दै शाह कहिल्यै प्रहरी अधिकारी नभएको र उनी वास्तवमा संयुक्त राष्ट्रसंघको कार्यालयले सन् २०१४ मा शरणार्थीको रूपमा प्रमाणीकरण गरेको र मलेसियामा शरणार्थी कानुनीको उपयोग गर्दै रूपमा बसोबास गरिरहेको बताएको छ।

डनका अनुसार आरएसएफको एशिया–प्रशान्त डेस्कका प्रमुख डेनियल बास्टार्डले मलेसियाली अधिकारीहरूको त्रुटिकाकारण पत्रकार शाह अहिले कहाँ कुन अवस्थामा छन् यकिन नभएको बताएको छ। (रासस–एएनआई)

# तीस लाख प्लास्टिकका बोतलको कला प्रदर्शनी



ढाका, २३ पुस
बङ्गलादेश युवा सङ्गठनले प्लाष्टिक प्रदूषणविरुद्ध चेतना जगाउन 'सेभ अर्थ, सेभ बङ्गलादेश' भन्ने नाराका ३० लाखभन्दा बढी प्लास्टिकका बोतलको कला प्रदर्शनी आयोजना गरेको छ। विगत ३२ दिनदेखि यहाँ जारी रहने प्रदर्शनीमा प्लाष्टिकका बोतल, पोलिथिन, चिप्सका प्याकेट र सिगरेट फिल्टरबाट बनेका तस्बिर तथा मूर्ति समावेश गरिएको छ।

ढाकामा रहेको युवा सङ्गठन 'बीडी क्लिन'ले लामो समयदेखि राजधानी ढाका र बङ्गलादेशका अन्य ठाउँमा प्लास्टिक फोहोर सफा गर्दै आएको छ। प्लास्टिक र रासायनिक प्रदूषणसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने लक्ष्यका साथ प्रदर्शनी आयोजना गरिएको बिडी क्लिनका संयोजक मसुदुर रहमानले बताएका छन्।

प्रदर्शनीको तयारीका लागि बिडी क्लिनका सदस्यले डेढ महिनाभन्दा बढी समयदेखि देशका विभिन्न स्थानबाट प्लास्टिक सङ्कलन गरेको बताए। उनीहरूले निजी खर्चमा फोहोर सङ्लन गरी यातायातका विभिन्न माध्यमबाट ढाकासम्म ल्याएका जानकारी दिए। दैनिक हजारौँ दर्शक प्रदर्शनीमा आएका तथा उनीहरू प्रस्तुत चित्रबाट आल्हादित भएका आयोजक संस्थाले बताएको छ। केही आगन्तुकले अब उप्रान्त प्लाष्टिक प्रयोग नगर्र्ने प्रतिबद्धता व्यक्त गरेका छन्। वातावरण संरक्षणका खातिर प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्नुपर्नेमा उनीहरूले जोड दिएका छन्। (रासस/सिन्ह्वा)

# संकटाले जित्यो २२ औं आहा रारा पोखरा गोल्डकपको उपाधि

२३ पुस, पोखरा।
आहारारा पोखरा गोल्डकपको २२ औं संस्करणको उपाधि संकटा क्लबले हात परेको छ। शनिबार पोखरा रंगशालास्थित फुटबल मैदानमा भएको फाइनल खेलमा संकटाले अमेरिकी टिम भुटनिज युथलाई ३–२ गोलअन्तरले पराजित गर्दै उपाधि चुमेको हो।संकटाको जितमा सुरजज्यू ठकुरी, मेस्सुके ओलामाउ र सुनिल बलले गोल गरे। विदेशी टिम भुटनिज युथ स्पोर्टस क्लबका तर्फबाट रेने स्यान्टिलन र विलिस ग्रिफिटले गोल गरे। योसँगै आहारारामा दोस्रो पटक संकटाले उपाधि सुरक्षित गरेको छ। यसअघि संकटाले ०७७ को आहार रा गोल्डकपको उपाधि जितेको थियो। २ पटक फाइनल पुगेको संकटाले दुवै पटक विदेशी टिमको सामना गर्नुपरेको छ। ०७७ मा संकटाले अफ्रिकन रुट्सलाई ट्राइब्रेकरमा पराजित गरेको थियो।२२ औं संस्करणको आहारारा पोखरा गोल्डकपको फाइनल खेलमा पहिलो अग्रता संकटा लिएको थियो। संकटाका खेलाडी सुरजज्यू ठकुरीले खेलको ७ औं मिनेटमा गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए। संकटाका निशान खड्काले बायाँ कर्नर नजिकबाट दिएको लामो प्रहारलाई भुटनिजका गोल रक्षक तथा कप्तानसमेत रहेका पुजन थापा मगरले मुक्का प्रहार गर्दै बचाउने प्रयासमा थिए। तर, उनको हातबाट फुत्किएको रिबाउन्ड बललाई नै पुनः प्रहार गर्दै ठकुरीले गोलपोस्टको जाली चुमाए।मेसुके ओलामाउले खेलको ३४ औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै संकटाको अग्रता दोब्बर बनाए। कर्नर किक पाएको संकटाका कप्तानसमेत रहेका सुनिल बलको प्रहारलाई ओलामाउले गोलमा परिणत गरेका थिए।

तर, खुसी लामो समयसम्म टिक्न सकेन। खेलको ३७ औं मिनेटमा रेने स्यान्टिलनले भुटनिजका लागि गोल गर्दै अग्रतालाई १–० को अन्तरमा ल्याएका थिए। लगत्तै संकटाले फेरि फ्रिकिको अवसर पाएको थियो। तर, स्टेफन बिनोङको बल पोस्टभन्दा बाहिर बाहिरिन पुग्यो। खेलको ४७ औं मिनेटमा भुटनिजका थोमस स्याकरको हेडर प्रहारलाई संकटाका गोलरक्षक टिकेन्द्र थापाले बचाउने प्रयासमा थिए। तर, उनको हातबाट फुत्किएको बललाई पुनः हेडरबाटै भुटनिजका विलिस ग्रिफिटले फिनिसिङ दिएका हुन्। उनको गोलसँगै पहिलो हाफमै खेल २–२ गोलको बराबरीमा फर्किएको थियो।खचाखच दर्शकको चर्को हुटिङमाझ खेल निकै प्रतिस्पर्धात्मक बनेको थियो। दुवै टिमले पटकपटक गोल गर्ने अवसर पाए पनि त्यसलाई सदुपयोग गर्न भने चुके। निर्धारित समय बराबरीमा टुंगिएपछि खेल अतिरिक्त समयमा पुगेको थियो।

३० मिनेट थपिएको अतिरिक्त समयको दोस्रो हाफमा संकटाका मेसुके ओलामाउ र हेक्टर ओर्टेगा एकआपसमा जुध्दा केहीबेर स्थिति तनावपूर्णसमेत बनेको थियो। जसमा संकटाका मेसुके ओलामाउ र स्टेफन बिनोङ र भुटनिजका रेने स्यान्टिलनलाई रेफ्री प्रज्वल क्षेत्रीले पहेंलो कार्ड दिए। थपिएको ३० मिनेटको समयको २६ औं मिनेटमा संकटामा हालै अनुबन्ध भएका कप्तान सुनिल बलले विपक्षी पोस्टमा बल छिराउँदै जित सुनिश्चित गरेका हुन्। प्रतियोगिता विजेता संकटाले १२ लाख रुपैयाँ र उपविजेता भुटनिजले ६ लाख रुपैयाँ प्राप्त गरेका छन्। सहाराले यसै वर्षदेखि पुरस्कार राशीमा वृद्धि गरेको हो।

# आजपाको प्रदेशस्तरीय भेला सम्पन्न

## भेलाबाट सम्पर्क मञ्चको संयोजक र सचिव चयन

मधेशदृष्टि
वीरगंज २३ पुस । आम जनता पार्टी निकट मधेश-काठमाडौं आम सम्पर्क मञ्चको प्रदेश स्तरीय प्रथम ऐतिहासिक भेला सम्पन्न भएको छ।

भेलाले सम्पर्क मञ्चको जिल्ला संयोजक तथा सचिवहरुको चयन गरेको छ। मञ्चको पर्सा जिल्ला संयोजकमा महम्मद आरिफ, सचिवमा अवलेश कुमार, वाराको संयोजकमा प्रेम चन्द्र साह, सचिवमा चन्देश्वर दास, रौतहटको संयोजकमा उपेन्द्र साह, सचिवमा रुपेश दासलाई चयन गरिएको छ।

सर्लाहीको संयोजकमा मुकेश कुमार साह, सचिवमा नरेन्द्र घिसिङ, महोत्तरीको संयोजकमा संजित चौधरी, सचिवमा उमा कुमारी झा, धनुषाको संयोजकमा सुनिल साह, सचिवमा कालान्दी ठाकुर, सिराहाको संयोजकमा शैलेन्द्र यादव, सचिवमा राजकुमार साह, सप्तरीको संयोजकमा रामनारायण साह र सचिवमा दुर्गानन्द साहलाई चयन गरिएको छ।

त्यसैगरी काठमाण्डौ आम सम्पर्क मञ्चको मधेश प्रदेश कमिटीको सदस्यहरुमा पर्साबाट रन्जु कुमारी साह, सुनिल मण्डल, राकेश साह, सुजित साह, मनोज सहनी, रामवरस ठाकुर, तैयब अन्सारी, सतिस चन्द्र साह, अबलेश कुमार साहलाई चयन गरिएको छ। रौतहटबाट मधु चौधरी, विजय भट्टराई, चिनीलाल दास, अरुण कुमार साह सहित १३ जनालाई चयन गरिएको छ। यसैगरी मधेश आठ वटै जिल्लाबाट ५४ जनालाई चयन गरिएको पार्टी अध्यक्ष प्रभु साहद्वारा जारी विज्ञप्तीमा उल्लेख छ।

भेलाको शनिवार एक कार्यक्रमका बिच अध्यक्ष साहले उद्घाटन गरेका थिए।





# गुणस्तरहीन घ्यु उत्पादन गरी बिक्री गर्ने पक्राउ

मधेशदृष्टि
वीरगंज, २३ पुस। जिल्ला प्रहरी कार्यालय पर्साले लामो समय देखि बीरगंजमा गुणस्तरहीन घ्यु उत्पादन गरी बिक्री वितरण गर्दै आएका एक व्यक्तिलाई रंगेहात पक्राउ गरेको छ।

विशेष सुचनाको आधारमा जिल्ला प्रशासन कार्यालय र नापतौल तथा गुणस्तर कार्यालय वीरगंजको समन्वयमा जिल्ला प्रहरी कार्यालय पर्साले गुणस्तरहीन घ्यु उत्पादन गरी बिक्री वितरण गरेको आरोपमा बीरगंज महानगरपालिका वडा नम्बर १६ मा बसोवास गर्दै आएका सर्लाहीको विष्णु गाउँपालिका वडा नम्बर ८ बत्रौलका ४४ वर्षिय राजेश कुमार रायलाई पक्राउ गरेको हो। रायलाई ठूलो परिणाममा रहेको गुणस्तरहिन घ्यु सहित नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी दिपक गिरीले बताएका छन्।



प्रहरीले रायको घरबाट २० किलो तौलमा प्याकिङ गरिएको डाल्डा घ्यू २ हजार २ सय ६० लिटर र बिभिन्न तौलमा प्याकिङ गरिएको मिसावट घ्यू ६ सय १३ लिटर बरामद गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी गिरीले जानकारी दिएका छन्।

अभियुक्त रायले वीरगंज महानगरपालिकाको वडा नं. १६ स्थित आफ्नै घरमा संचालन गरेको श्री गणपती रिपैकिङ उद्योग, गणपती पूजा समाग्री रिपैकिङ उद्योगको नामबाट वनस्पति घ्यु मिसावट गरी नक्कली घ्यु बनाएर बजारमा शुद्ध घ्यु भन्दै विक्री वितरण गर्दै आएको भेटिएपछि उनलाई प्रशासन र नापतौल तथा गुणस्तर कार्यालयको समन्वयमा थप अनुसन्धान अगाडी बढाईएको प्रवक्ता गिरीले जनाएको छ।

# चिसो बढदै गएपछि वीरगंजमा विदा थपियो

मधेशदृष्टि, वीरगंज, २३ पुस। कठ्यांग्रिदो जाडो र चिसो बढदै गएपछि बीरगंज महानगरपालिकाले विद्यालयहरुको जाडो विदा पुनः थप गरेको छ। चिसो र जाडोको कारण गत सोमबार देखि शुक्रवार सम्म बन्द रहेका विद्यालयहरु आईतबारबाट खुल्नु पर्नेमा थप जाडो बढेपछि पुनः मंगलबार सम्म जाडो विदा लम्ब्याएर पुस २७ गतेबाट विद्यालय संचालन गर्न वीरगंज महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाले सूचना जारी गरेको छ। जाडो बढदै गएपछि बालबालिकालाई पठन पाठनमा समस्या भएको कारण महानगरपालिकाले जाडो विदा लम्ब्याएको बीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले बताए। बीरगंजसँग वाराका जितपुर सिमरा



उपमहानगरपालिकाले समेत आज एक सूचना जारी गरी आगामी पुस २९ गते सम्म विद्यालय बन्द रहने जनाएको छ।

# रेडक्रस पोखरियाको ३३ औं साधारण सभा




मधेशदृष्टि
वीरगंज, २३ पुस। नेपाल रेडक्रस सोसाइटी उपशाखा पोखरियाको ३३ औ साधारण सभा सम्पन्न भएको छ।

रेडक्रस उपशाखा पोखरियाको सभापति भगवान प्रसाद कुर्मीको अध्यक्षतामा सो सम्पन्न हो।

सो कार्यक्रममा शैलेन्द्र प्रसाद चौरसिया, पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न प्रसाद चौहान, राजेश्वर प्रसाद रौनियार, विनोद गिरी लगायतको सहभागिता रहेको थियो।

सो अवसरमा रेडक्रस उपशाखाद्वारा स्थापित कपडा बैंकको नेपाल रेडक्रस सोसाईटी पर्साका शैलेन्द्र चौरसिया र नगर प्रमुख प्रद्युम्न चौहानले उद्घाटन गर्नु भएको थियो।

# १२० विपन्नलाई कम्बल वितरण



मधेशदृष्टि
वीरगंज, २३ पुस। कठ्यांग्रिदो जाडो र शितलहरबाट प्रभावित १ सय २० जनालाई शनिवार वीरगंजमा कम्बल वितरण गरिएको छ। रुंगटा वेल फेयर सोसाईटी र ग्रिन सिटी सामुदायिककेन्द्रको संयुक्त आयोजनामा जाडोबाट प्रभावितहरुलाई कम्बल वितरण गरिएको ग्रिन सिटी सामुदायिक केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले बताएका छन्। यसैगरी कठ्याङ्ग्रिँदो चिसोबाट बच्न साहिब दरबार सेवा सस्थानले वीरगञ्ज सडक पेटीमा रात विताउन बाध्य विपन्नहरुलाई न्यानो कपडा उपलब्ध गराएको छ। संस्थानले सडक पेटीमा रात गुजार्न बाध्य भएकाहरुलाई गएराति सुतिरहेकै ठाउमा पुगेर कम्बल उपलब्ध गराएको हो। वीरगञ्जको माइस्थान, घण्टाघर, आदर्शनगर, बसपार्क, छपकैया, विर्ता लगायतका स्थानमा खुला आकासमुनी र सडक पेटीमा सुतिरहेका करिब ३० जनालाई न्यानो कपडा उपलब्ध गराइएको हो। बढ्दो शीतलहरीका कारण कठ्याग्रिदो चिसो बढेकाले चिसोकै कारण कसैले ज्यान गुमाउन नपरोस भन्ने अभिप्रायले न्यानो कपडा उपलब्ध गराइएको संस्थानका अध्यक्ष उमेशलाल सहनीले बताए। विशेषगरेर रिक्सा, ठेला चालक तथा विपन्न व्यक्तिहरु सडक पेटीमै रात गुजार्न बाध्य छन्। रातको समयमा चिसो झनै बढ्ने भएकाले सडक पेटी र खुला स्थानमा रात बिताउन बाध्य ब्यक्तिहरुको जीवन रक्षाका लागि आफुहरुले न्यानो कपडा उपलब्ध गराउन थालेको संस्थानका रुपेशमान सिंहले बताए।

# मोटरसाइकल चोर पक्राउ

मधेशदृष्टि
वीरगंज, २३ पुस। पर्सा प्रहरीले गएराति चोरीको मोटरसाईकल सहित एक जनालाई पक्राउ गरेको छ। वीरगंज महानगरपालिका वडा नम्बर १२ स्थित सडक खण्डमा पार्किङ्ग राखेको अवस्थामा स्थानिय अजय कुमार यादवको प्र.२-०३-०१२ प २६३८ नम्बरको ३५० सि.सि.को बुलेट मोटरसाईकलको लक तोडेर डोर्‍याउदै लगि रहेको अवस्थामा प्रहरीले उनलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा बाराको कोल्वी नगरपालिका वडा नम्बर ७ निवासी २० बर्षिय भुवन चौधरी रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी दिपक गिरीले जानकारी दिएका छन्। मोटरसाईकल चोर्ने अभियुक्त चौधरीलाई हाल प्रहरी हिरासतमा राखि थप अनुसन्धान अगाडी बढाइएको गिरीले बताएका छन्।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल